# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह एम्.एड्. द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषय (५९८) को आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गरिएको

## शोधपत्र


शोधार्थी

शिवराज बिष्ट

त्रि.वि.दर्ता नं.  : ५४१/८७

परीक्षा रोल नं. : २१४००७१

क्याम्पस रोल नं.: २९

शैक्षिक वर्ष     : २०६२/०६३

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


२०६९

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

## SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित: २०४८

☎ : ०२१-५४५६१७
☎ : ०२१-५४५७१७
फ्याक्स : ०२१-५४५६१७

पत्र संख्या :
चलानी नम्बर :

मिति ........................

**विषय : सिफारिस-पत्र ।**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी शिवराज बिष्टले "बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन" शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सल्लाह र सुझावका आधारमा तयार पार्नुभएको छ । उक्त शोधपत्र त्रिभुवन विश्वविद्यालयको आवश्यक ढाँचा अनुरूप प्रस्तुत गर्नु भएको हो । निजको शोधकार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

........................................

सहायक प्रा. ऋषिराज धिमाल

शोधनिर्देशक

श्री सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मिति : ..............................

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित: २०४८

☎ : ०२१-५४५६१७
☎ : ०२१-५४५७१७
फ्याक्स : ०२१-५४५६१७

पत्र सङ्ख्या :
चलानी नम्बर :

मिति ..........................

## विषय : स्वीकृति पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत श्री सुकुना बुहमुखी क्याम्पस इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने छात्र शिवराज बिष्टले त्रि.वि. शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने हेतुले “बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन” भन्ने शीर्षकमा शोधपत्र तयार गरी शोध निर्देशकबाट सिफारिस भएको हुँदा सो शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | ...................... |
| २. | श्री ऋषिराज धिमाल | शोधनिर्देशक | ...................... |
| ३. | .......................... | वाह्य परीक्षक | ...................... |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र "बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन" नविनतम् विषयमा आधारित छ । बालमैत्री विद्यालयको अवधारणा आफैंमा एक नयाँ विषय क्षेत्र हो । यो अति नविन विषयवस्तुका बारेमा गरिएको शोध अध्ययन सम्पूर्णताका कसीमा घोट्दा पूर्णता प्राप्त गर्न सक्छ, सक्दैन ? तर भोलिका दिनमा बालमैत्री विद्यालयसँग सम्बन्धित विषयमा गरिने अध्ययन अनुसन्धानका लागि भने यो उपयोगी बन्ने नै छ ।

यो शोधपत्र सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङका आदरणीय गुरू तथा शोधनिर्देशक स.प्रा. ऋषिराज धिमाल ज्यूको कुशल निर्देशनमा तयार पारिएको छ । आफ्नो व्यक्तिगत, प्राज्ञिक एवं प्राध्यापन सम्बन्धी ब्यस्ततको बाबजुद पनि शोधपत्रको शुरूदेखि अन्त्यसम्म निरन्तर निर्देशन दिनुहुने शोध निर्देशक ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै स्वीकृतिदेखि शोधपत्र तयारीका क्रममा पनि विभिन्न रचनात्मक टिप्पणी तथा सल्लाह दिई यस विषयमा अनुसन्धान गर्ने अवशर प्रदान गर्नुहुने तथा अनुसन्धान कार्यलाई सहज बनाउनु हुने श्रद्धेय क्याम्पस प्रमुख श्री पीत कुमार श्रेष्ठ ज्यू तथा शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अनुसन्धानका क्रममा सूचना संकलनमा सहयोग पुऱ्याउनु हुने प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी, प्रशिक्षक, वि.नि. तथा स्रोतव्यक्ति ज्यूहरूमा धन्यवाद ज्ञापन गर्दछु । शोधपत्र लेखन, परिमार्जन तथा प्रुफमा सहयोग पुऱ्याउनु हुने दाजु उद्दव बिष्ट, श्रीमती तिलामाया ( सरिता) बिष्ट तथा छोरीहरू स्वीकृति र स्वस्तीका बिष्ट प्रति सदा ऋणी छु । साथै बाल्यकालदेखि नै शिक्षा आर्जन गर्न सदा प्रोत्साहन गर्नुहुने माता डिकमाया बिष्टलाई म श्रद्धा व्यक्त गर्न चाहन्छु । यस शोधपत्र टाइप तथा छपाई कार्यमा सहयोग पुऱ्याई पूर्णता प्रदान गर्नुहुने बुद्धकुमार बिष्ट प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु । मेरो कार्यप्रति श्रद्धा राख्नु हुने, समय-समयमा विभिन्न राय, सल्लाह, सुझाव प्रदान गर्नुहुने तथा सदा कल्याण चाहनु हुने र उत्साह प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, मित्रवर्ग, सहपाठी साथीहरू र शुभचिन्तक महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो परिश्रम र मेहनतबाट तयार भएको यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास ब्यक्त गर्दछु ।

**शिवराज बिष्ट**

# शोधसार

"बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन" शीर्षकमा गरिएको यो शोध अध्ययनमा मूल उद्देश्य बालमैत्री विद्यालयमा कक्षाकोठा ब्यवस्थापनको अवस्थाको विश्लेषण गर्नु रहेको छ । प्रस्तुत अध्ययन परिमाणात्मक र गुणात्मक दुवै ढाँचामा सम्पन्न गरिएको छ ।

यो शोध अध्ययनमा मोरङ जिल्लामा सञ्चालित बालमैत्री विद्यालयहरू मध्ये विराटनगर उपमहानगरपालिका अन्तर्गतका ४ वटा विद्यालयलाई नमूनाको रूपमा लिई सो विद्यालयका ४ जना प्र.अ., ४ जना शिक्षकहरू, ४ जना अभिभावकहरू, ८ जना विद्यार्थीहरू र वि.नि., स्रोतव्यक्ति र प्रशिक्षकहरू ३ जना गरी जम्मा २३ जना व्यक्तिहरूलाई समावेश गरिएको छ । उक्त व्यक्तिहरूसँगको अन्तर्वार्ता, छलफल र अन्तरक्रिया, निर्देशित प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विद्यालयको विविध पक्षको अवलोकनलाई उपयोग गरेर तथ्याङ्क सङ्कलन प्रक्रियालाई परिपुष्ट पारिएको छ ।

हालसम्म बालमैत्री विद्यालयको सन्दर्भमा सैद्धान्तिक स्पष्टता विद्यालयहरूमा प्राप्त भईनसकेको अवस्था भए तापनि बालकेन्द्रित शिक्षण पद्धति अपनाएर सक्रिय सिकाइ, दण्डरहीत सिकाइ, विद्यार्थी सहभागिता, समावेशीकरण र विद्यालयमा रमाइलो शिक्षण वातावरण सिर्जनामा भने विद्यालयहरू लागि परेको अवस्था पाइयो ।

बालमैत्री विद्यालयमा शिक्षक पथप्रदर्शक तथा निर्देशकको रूपमा रहेर विद्यार्थीहरूलाई स्व-सिकाइका लागि उपयुक्त रमाइलो वातावरण सिर्जना गर्न कार्यरत रहनुपर्ने, खेलको माध्यमबाट सिकाइ, बालगीत, कविता तथा कथाको प्रयोग, अभिनय तथा नाटकीकरण, परियोजना कार्य, सिर्जनात्मक कार्य, क्षेत्र भ्रमण कार्य सञ्चालन गर्नुका साथै कक्षाकोठाभित्र विभिन्न भौतिक क्षेत्रहरूको व्यवस्था, शिक्षकका बालमैत्री ब्यवहारहरू, कक्षाकोठा व्यवस्थापन पक्षहरूमा जोड दिनुका साथै विद्यालयमा योजनाबद्ध अतिरिक्त क्रियाकलाप सञ्चालन, मनोवैज्ञानिक छात्रबृत्तिको व्यवस्था, शान्ति शिक्षाको ब्यवस्था, बिनाडर सिक्ने अवस्थाको सिर्जना गरेर वास्तविक र अर्थपूर्ण सिकाइ गर्नु गराउनु पर्ने देखिन्छ ।

# विषय-सूची

| | पृष्ठ |
|---|---|
| सिफारिस-पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| तालिका-सूची | |
| सङ्क्षिप्त शब्दको पूरा रूप | |
| **परिच्छेद एक परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ३ |
| १.४ अध्ययनका उद्देश्य | ४ |
| १.५ अनुसन्धानका प्रश्नहरू | ५ |
| १.६ अध्ययनको परिसीमा | ५ |
| १.७ शब्दावलीको अर्थ र परिभाषा | ५ |
| **परिच्छेद दुई सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १० |
| २.३ पुनरावलोकनको उपादेयता | ११ |
| **परिच्छेद तीन अध्ययन विधि** | |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १३ |
| ३.२ जनसङ्ख्या | १३ |
| ३.३ नमूना छनौट | १३ |
| ३.३.१ नमूनाको आकार | १३ |
| ३.३.२ नमूना छनोट प्रक्रिया | १३ |
| ३.३.३ नमूना छनोटको आधार | १३ |

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू र विश्लेषण प्रक्रिया १४

३.४.१ सर्वेक्षण फाराम १४

३.४.२ प्रश्नावली १४

३.४.३ सामूहिक छलफल १४

३.४.४ अन्तर्वार्ता १४

३.५ साधनहरूको वैद्यता १५

३.६ तथ्याङ्कका स्रोतहरू १५

३.७ तथ्याङ्क सङ्कलन विधि १५

३.८ तथ्याङ्क विश्लेषण विधि १५

**परिच्छेद ४ तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था १६

४.१.१ बालमैत्री विद्यालयमा सञ्चालित कक्षा क्रियाकलाप १७

४.२ शिक्षकहरूको बालमैत्री व्यवहार १८

४.३ बालमैत्री विद्यालयका समस्या १९

४.३.१ बालमैत्री विद्यालयमा विद्यार्थीका समस्या २०

४.३.२ बालमैत्री विद्यालयका विशेषताहरूको विश्लेषण २१

४.३.३ बालमैत्री विद्यालयमा सञ्चालन गरिने शैक्षिक क्रियाकलाप २२

४.३.४ विद्यालयलाई बालमैत्री बनाउने दायित्व २३

४.३.५ बालमैत्री विद्यालयको शैक्षिक उपलब्धि २४

४.३.६ बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण २४

४.४ बालमैत्री विद्यालयका समस्या समाधानका उपायहरू २७

४.५ अवलोकन तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्को विश्लेषण २७

**परिच्छेद ५ प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति २९

५.२ निष्कर्ष ३०

५.३ सुझावहरू ३१

सन्दर्भ सामग्री

अनुसूचीहरू

# तालिका सूची


पृष्ठ

तालिका नं. १ : कक्षाकोठा व्यववस्थापन सम्बन्धी धारणा तालिका १७

तालिका नं. २ : बालमैत्री विद्यालयमा सञ्चालन हुने कक्षा क्रियाकलाप तालिका १७

तालिका नं. ३ : शिक्षकका बालमैत्र व्यवहार सम्बन्धी तालिका १८

तालिका नं. ४ : बालमैत्री विद्यालय समस्या सम्बन्धी तालिका १९

तालिका नं. ५ : बालमैत्री विद्यालयमा विद्यार्थीका समस्या तालिका २०

तालिका नं. ६ : बालमैत्री विद्यालयका विशेषता सम्बन्धी तालिका २१

तालिका नं. ७ : बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलाप २२

तालिका नं. ८ : बालमैत्री विद्यालयमा दायित्व सम्बन्धी तालिका २३

तालिका नं. ९ : बालमैत्री विद्यालयको शैक्षिक उपलब्धि सम्बन्धी तालिका २४

तालिका नं. १० : बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण २५

तालिका नं. ११ : बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीहरूको विवरण तालिका २६

# सङ्क्षिप्त शब्दहरूको पूरा रूप

| | |
|---|---|
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | : जिल्ला शिक्षा अधिकारी |
| प्र.अ. | : प्रधानाध्यापक |
| वि.नि. | : विद्यालय निरीक्षक |
| स्रो.व्य. | : स्रोतव्यक्ति |
| स्रो.के. | : स्रोतकेन्द्र |
| ने.अ.सं. | : नेपालको अन्तरिम संविधान |
| गा.वि.स. | : गाउँ विकास समिति |
| न.पा. | : नगरपालिका |
| EFA | : Education for All |
| DOE | : Department of Education |
| DEP | : District Education Plan |
| NER | : Net Enrollment Rate |
| RC | : Resource Centre |
| SMC | : School Management Committee |
| NGO | : Non Government Organization |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाहरूको चौतर्फी विकासका लागि आवश्यक आधारभूत कुराहरू प्राप्त गर्ने घरपछिको दोस्रो पाठशाला विद्यालय हो । विद्यालयका बालबालिकाहरूले पाठ्यपुस्तक, शिक्षकको पढाउने शैली र व्यवहार, विद्यालयको नीति नियम तथा क्रियाकलापहरूबाट सिक्ने गर्छन् । यदि विद्यालयको वातावरण भयमुक्त छ ; विद्यार्थीहरूले आफूलाई सुरक्षित महशुस गर्छन्, आफ्नो चाहना र क्षमता अनुसार सिकाइ क्रियाकलापमा भाग लिन पाउँछन्, विद्यालय परिवार, शिक्षक, व्यवस्थापक, कर्मचारी आदिबाट माया, सहयोग, हौसला र प्रोत्साहन पाउँछन् भने उनीहरू त्यहाँ लामो समयसम्म हाँसीखुसी समय बिताउन सक्छन् । हाम्रा कतिपय विद्यालयहरूले यिनै कुराहरूलाई ध्यानमा राखी आ-आफ्नो विद्यालयको व्यवस्था गरेको हुन्छ भने कतिले आफूहरू अनविज्ञ भएकै कारणले व्यवस्था गर्न नसकेको हुन सक्छन् ।

कुनै पनि बालबालिकाहरू राम्रो-नराम्रो, असल-खराब, बुद्धिमान-मूर्ख आदि गुणहरू लिएर जन्मदैनन् । साधारणतया बालबालिकाको शारीरिक बनोट र मानसिक विकास उस्तै प्रकारको हुन्छ । जब बालबालिकाहरू हुर्कँदै बढ्दै जान्छन्, उनीहरूको शारीरिक विकासको साथसाथै मानसिक र संवेगात्मक विकास पनि हुँदै जान्छ जुन उनीहरूले पाएको वातावरणले नजानिँदो किसिमले असर पार्दै लगेको हुन्छ । बालबालिकाहरू घर, परिवार अनि समाजबाट अनौपचारिक शिक्षा प्राप्त गर्दै विद्यालयमा आउँछन् । विद्यालयको वातावरणले उनीहरूको सर्वाङ्गीण विकास गराउन सक्नुपर्छ । प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो, मनोवैज्ञानिक रूपमा मनोबल उच्च महशुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । बालमैत्री विद्यालय बालबालिकाको विद्यालय अध्ययनमा आवश्यकताको खोजी गर्ने विद्यालय हो । सबै बालबालिकाको समावेशीकरण गर्ने बालकेन्द्रित विद्यालय पनि हो । बालबालिकासँग प्रभावकारी, बालबालिकाको लागि स्वास्थ्य र सुरक्षित, लैङ्गिक सचेतना, परिवार र समुदायसँगको सम्लग्नता र बाल सहभागितामा जोड दिने विद्यालय नै बालमैत्री विद्यालय हो (शिक्षा विभाग, २०६२) ।

कक्षाकोठामा विद्यार्थीहरू सिकाइ क्रियाकलापमा संलग्न हुन्छन् भने शिक्षकहरूबाट शिक्षण क्रियाकलाप सञ्चालन हुन्छ । सिक्ने र सिकाउने प्रक्रियालाई सहज बनाउने, कक्षाकोठाको वातावरण बालमैत्री र शिक्षकमैत्री हुनु जरूरी छ । यसका लागि व्यवस्थापन पक्षले ठूलो भूमिका

खेलेको हुन्छ । राम्रो व्यवस्थापनले शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा सहजता मात्र ल्याउने होइन कि समयको सदुपयोग पनि हुन्छ । कक्षाकोठाभित्र विद्यार्थीहरूको सहभागितालाई पनि निरन्तरता दिन्छ । जब विद्यार्थीहरू रमाइलो वातावरणमा लामो समयसम्म कक्षाकोठामा बस्छन्, उनीहरूले त्यहाँ प्रत्यक्ष र अप्रत्यक्ष रूपबाट सिक्ने अवसर पाइरहेका हुन्छन् । बालमैत्री विद्यालयमा कक्षाकोठाको वातावरण स्वागत योग्य र सुरक्षित हुनुका साथै आकर्षक र व्यवस्थित हुन्छ । कक्षाकोठाको वातावरण सकारात्मक र सहयोगी हुन्छ । बालमैत्री वातावरणबाट बालबालिकालाई पढ्न हौसला मिल्ने साथै शिक्षकलाई पनि शिक्षण कार्यमा उत्साह मिल्छ (शिक्षा विभाग, २०६२) ।

दोस्रो विश्वयुद्ध पश्चात् धेरै बालबालिकाहरूको जीवन अन्धकारमय भएको परिप्रेक्षमा सन् १९२३ मा एग्लैन्टाइन जेवले बालअधिकार सम्बन्धी अगाडि सारेको अवधारणाले सन् १९८९ मा मात्र बालअधिकार महासन्धिको रूपमा मूर्त रूप लियो । सन् १९८९ नोभेम्बर २० का दिन संयुक्त राष्ट्र संघीय महासभाद्वारा बालअधिकार महासन्धिलाई पारित गरिएपछि नेपालले पनि उक्त बालअधिकार महासन्धिलाई सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गऱ्यो । यसरी बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकासलाई सुनिश्चित गर्नेतर्फ विश्व नै उन्मुख हुन थाल्यो । यसै सन्दर्भमा सिकाइ प्रक्रियामा बालमैत्री अवधारणासँग सम्बन्धित विषयमा बेलायती नागरिक प्रो. वाल्सले "Criteria of the child friendiyness" नामक कार्यपत्र सन् १९९५ मा प्रस्तुत गरे । उनको आफ्नो कार्यपत्रमा बालमैत्री अवधारणाका तीन आधारहरू विधि (Method), साधन (Tools) र सूचकहरू (Indicators) प्रस्तुत गरेका छन् ।

सन् १९९६ मा थाइल्यान्डमा "Thiland child friendily school programme" अन्तर्गत Save the children (US) ले सन् १९९६ देखि १९९९ सम्म चार वर्षे कार्यक्रम शुरू गरेपछि बालमैत्री अवधारणा पहिलो पटक कार्यान्वयनको चरणमा उत्रियो । यस कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायका व्यक्तिहरू समेतको सहभागितामा थाइल्यान्डका २८ वटा विद्यालयहरूका समस्याहरू र बालबालिकाहरूका अवश्यकताहरू पहिचान गर्ने काम गरियो । यसको प्रभाव अन्य मुलुकहरूमा समेत क्रमशः प्रसारित हुन पुग्यो । नेपालको सन्दर्भमा बालमैत्री अवधारणाको प्रयोग लगभग त्यसै समयदेखि नै भएको देखिन्छ । सन् १९९९ मा Save the Children (US) को सहयोग र सक्रियतामा कञ्चनपुर जिल्लाका झलारी, पिपलारी र लेखतमुलारी तीन गा.वि.स. का १० वटा विद्यालयहरूमा पहिलो पटक बालमैत्री विद्यालयको अवधारणालाई प्रयोग गरेर विद्यालयका गतिविधि सञ्चालन गर्ने कार्यको थालनी गरियो । मोरङ जिल्लामा युनिसेफ नेपालको सहयोगमा वि.सं. २०६३ सालदेखि हालसम्म विभिन्न गा.वि.स. का २५ वटा विद्यालयका

कक्षा १ मा यस अवधारणा अनुसारका कक्षाहरू सञ्चालनमा ल्याइएको छ भने वि.सं. २०६५ देखि Save the children (Norway) को सहयोगमा थप ९ विद्यालयहरूमा यस्ता कक्षाहरू सञ्चालित छन् । Save the children (Norway) र नेपाल शिक्षक युनियनको सहकार्य र शिक्षा विभागको समन्वयमा बालमैत्री विद्यालय शिक्षक-प्रशिक्षण पुस्तिका २०६२ तयार गरिएको छ र विभिन्न जिल्लाका शिक्षकहरू तथा विद्यालयका निरीक्षकहरूलाई बालमैत्री विद्यालयको अवधारणा विद्यालयमा प्रयोग सम्बन्धी शिक्षक-प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेको छ । यसबाट यो कार्यक्रम नेपालका सबै जिल्लाहरूमा कार्यान्वयन गर्ने क्रममा रहेको छ भन्न सकिन्छ (पोखरेल, २०६६) ।

## १.२ समस्याको कथन

बालमैत्री विद्यालयको अवधारणालाई प्रत्येक विद्यालयमा विस्तार गर्दै लैजानु पर्ने आजको आवश्यकता नै हो । विद्यालयहरूमा उपयुक्त किसिमको बालमैत्री कक्षाकोठा व्यवस्थापन नगरिएकै कारण विद्यालयहरू बालमैत्री बन्न सकेका छैनन् । विद्यालयका कक्षाकोठा स्वागतयोग्य र सुरक्षित, आकर्षक र व्यवस्थित, सकारात्मक र सहयोगी, प्रोत्साहित र अभिप्रेरित साथै परिवर्तनशील र धेरै रमाइलो नभएका कारण सबै विद्यालयहरू बालमैत्री बन्न सकेका छैनन् । बालबालिकाहरूका लागि विद्यालय यातनाका केन्द्र झैं बनेका छन् । घरबाट विद्यालय जाँदा बालबालिकाहरू रूँदै जान्छन् । विद्यालयको छुट्टीको घण्टी बज्नासाथ खुशीसँग रमाउँदै जेलबाट भागेको कैदी जस्तो घर आइपुग्छन् । यो स्थितिको सिर्जना हुनुमा विद्यालयका शिक्षक, अभिभावक र विद्यालयको वातावरण नै जिम्मेवार रहेको छ । विद्यार्थीहरूलाई रमाइलो लाग्ने र प्यारो वातावरण बालमैत्री विद्यालयमा मात्र हुने भएकाले प्रत्येक विद्यालयलाई बालमैत्री बनाई यस्ता बालमैत्री वातावरणमा अध्यापन गराउने विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो रहेको छ भनी अध्ययन गर्नु अति आवश्यक हुन्छ । यस प्रश्नलाई अध्ययन अनुसन्धान गरी सो को प्राप्तिबाट मार्ग निर्देशनका रूपमा स्थापित गर्न यो अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

आजको समयमा पनि विद्यालयहरूमा परम्परागत शैली अपनाएर नै शिक्षण क्रियाकलाप सञ्चालन गरिरहेको अवस्था विद्यमान छ । स्वयम् अभिभावकहरूले पनि आफ्ना बालबालिकाहरूलाई कुटी-कुटी पढाउनु है भनेर वा 'यो फटाहा छ, स्कूलमा पठाएपछि तह लाग्छ' भन्ने सोच राखेर विद्यालयमा पठाउने प्रचलन कायमै छ भने विद्यालयमा पनि शिक्षकले Chalk, talk & stick पद्धति अपनाएर पढाउने चलन अझै कायम छ । यो अवस्थामा एकातर्फ बालमैत्री विद्यालयप्रतिको सचेतना अभिबृद्धि गर्न आवश्यक छ भने अर्कोतर्फ प्राथमिक शिक्षामा देखिएका पहुँच, नियमितता

तथा गुणस्तरीयताका समस्याहरूलाई निर्मूल पार्नुपर्ने पनि खाँचो छ । विद्यालयप्रति बालबालिकालाई आकर्षित गर्न, कक्षाकोठालाई रूचीपूर्ण बनाउन, शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारिता र सान्दर्भिकता ल्याउन, बालबालिकाहरूप्रति शिक्षकले गर्ने व्यवहार सहभागितामूलक र मैत्रीपूर्ण बनाउन, विद्यालयमा दण्ड र भयरहित वातावरणको सिर्जना गर्न र बाल अधिकारको संरक्षण गर्न कुनै पनि विद्यालयको कक्षाकोठा व्यवस्थापनका पक्षहरू यस अनुसन्धानका निष्कर्ष स्वरूप प्राप्त हुनेछन् । विद्यालय सेवाक्षेत्र भित्रका बालबालिकाहरूलाई विद्यालयमा नियमित गराएर कक्षागत तह पार गर्ने समय सुनिश्चित गर्न, शिक्षण सिकाई क्रियाकलाप रूचीपूर्ण र अर्थपूर्ण बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक पर्ने कक्षाकोठाको वातावरण र कक्षाकोठा व्यवस्थापनको निक्यौंल गर्न यो अनुसन्धानको प्राप्ति उपयोगी हुनेछ । यो विषय यति महत्वपूर्ण हुँदाहुँदै पनि आजसम्म बालमैत्री विद्यालय व्यवस्थापनका क्षेत्रमा कुनै अध्ययन अनुसन्धान गरिएको पाइएन । त्यसैले यो नवीन विषयमा अध्ययन गरी ठोस निष्कर्ष प्रस्तुत गर्नु नितान्त सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ । यसबाट निम्न पक्षहरूलाई सहयोग पुग्ने आशा गरिएको छ ।

क) आगामी समयमा यस विषयमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धान कर्ताका लागि एक महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहनेछ ।

ख) शैक्षिक योजनाकारका लागि यो अध्ययन अनुसन्धानले शैक्षिक योजना निर्माणमा सहयोग पुऱ्याउनेछ ।

ग) विद्यालय प्रशासक, व्यवस्थापकहरूका लागि विद्यालय व्यवस्थापनमा यो अध्ययन उपयोगी सामग्रीका रूपमा रहनेछ ।

घ) पाठ्यक्रम निर्माताका लागि पनि शैक्षिक नीति निर्माण गर्ने क्रममा यो अध्ययन उपयोगी हुनेछ ।

ङ) बालबालिकाहरूको हित र संरक्षणको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संघ-संस्थाका लागि समेत उपयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था अध्ययन गर्नु ।

ख) बालमैत्री विद्यालयमा शिक्षकहरूका बालमैत्री व्यवहारहरूको पहिचान गर्नु ।

ग) बालमैत्री विद्यालयका समस्याहरू केलाउनु ।

घ) बालमैत्री विद्यालयका समस्या समाधानका उपायहरू प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानका प्रश्नहरू

यस अध्ययन अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिनेछ ।

क) बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

ख) बालमैत्री विद्यालयमा शिक्षकहरूका बालमैत्री व्यवहारहरू कस्ता हुन्छन् ?

ग) बालमैत्री विद्यालयमा के-के समस्याहरू छन् ?

घ) बालमैत्री विद्यालयका समस्या समाधानका उपायहरू के-के हुन सक्छन् ?

ङ) शिक्षक र विद्यार्थीहरू बीचको सम्बन्ध कस्तो देखिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन अनुसन्धानले मोरङ जिल्लामा सञ्चालित २५ वटा बालमैत्री विद्यालयहरू मध्ये विराटनगर उप-महानगरपालिकामा अवस्थित ४ वटा बालमैत्री विद्यालयहरू मात्र उद्देश्यपूर्ण नमूना छनौट विधिबाट छनौट गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा समय, साधन र स्रोतलाई ध्यानमा राखी यो अध्ययन कार्य गरिएको छ । उक्त विद्यालय अन्तर्गतका स्रोतव्यक्ति तथा विद्यालयहरूको स्थलगत अध्ययन र अवलोकनबाट प्राप्त अभिलेख, प्र.अ., शिक्षक, विद्यार्थी एवम् अभिभावकहरूसँगको अन्तर्वार्ता, प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू र विद्यालयको अभिलेखलाई आधार मानेर अध्ययन अनुसन्धान कार्य गरिएको छ । बालमैत्री विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी एवम् अभिभावकहरूलाई नै समग्र तथ्याङ्क प्राप्त गर्न स्रोतको रूपमा लिइएको छ ।

## १.७ शब्दावलीको अर्थ र परिभाषा

| | |
|---|---|
| बालमैत्री | : बालकले आफूले सुरक्षित र रमाइलो महशुस गर्ने वातावरण । |
| बालमैत्री विद्यालय | : प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो, मनोवैज्ञानिक रूपमा मनोबल उच्च महशुस गराउने वातावरण भएको विद्यालय । |
| समुदायिक विद्यालय | : नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय । |
| पहुँच | : लक्ष्य प्राप्त गर्ने काम । |
| अभिभावक | : विद्यार्थीहरूका संरक्षक/बुबा-आमा । |
| शैक्षिक वातावरण | : पढाइ लेखाइका लागि अनुकूल वातावरण । |

| | |
|---|---|
| बालविकास केन्द्र | : प्राथमिक विद्यालय जाने उमेर समूह मुनिका बालबालिकाहरूले पढ्ने स्थान । |
| स्रोतव्यक्ति | : स्रोतकेन्द्रका प्रमुख व्यक्ति । |
| सहयोगी कार्यकर्ता | : ECD मा जम्मा भएका बालबालिकालाई सहयोग र संरक्षण गर्ने व्यक्ति । |
| सेवाक्षेत्र | : विद्यालय तथा ECD ले सेवा पुऱ्याएको क्षेत्र । |
| ECD Centre | : Early Child Development Centre |
| Drop out | : विद्यालय पढ्दा पढ्दै बीचैमा छाड्ने संख्या । |
| आमा भेला | : बालबालिकाहरूका आमाहरूलाई एक स्थानमा भेला गराई जनचेतना दिने भेला । |
| घरदैलो कार्यक्रम | : अभिभावकहरूको घरदैलोमा गएर जनचेतना जगाउने काम |
| आवश्यक संख्या | : सबैलाई आवश्यकता अनुरूपको संख्या । |
| स.का. | : सहयोगी कार्यकर्ता |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत शीर्षकको शोध अध्ययनलाई अगाडि बढाउन सम्बन्धित केही प्रतिवेदनहरू, लेख, विचार, पत्र-पत्रिका तथा शोधहरूको अध्ययन गरी निम्न अनुसार पुनरावलोकन गरिएको छ ।

सुनुवार (२०६६) ले झापा जिल्लाको सतासीधाम गा.वि.स. को "समुदाय र विद्यालयमा आधारित बाल विकास केन्द्रको कक्षाकोठा व्यवस्थापन" भन्ने शीर्षकमा शोधपत्र तयार गर्नु भएको छ । यो शोधपत्र अध्ययनमा औसत रूपमा विद्यालयमा आधारित बालविकास केन्द्रहरूको बढी प्रकारका सामग्रीहरू गुणात्मक रूपले राम्रा अवस्थामा रहेका, भौतिक संरचानाका दृष्टिले अधिकांश विद्यालयमा आधारित बालविकास केन्द्रहरूको कक्षाकोठा बढी मजबुत र सुरक्षित रहेको तथा कक्षाकोठाको साइज र समूह कार्य गर्ने स्थानका दृष्टिले समुदायमा भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रको कक्षाकोठा बढी राम्रो र फराकिलो रहेको उल्लेख गर्दै दुबै किसिमका बालविकास केन्द्रहरूले कक्षाकोठामा बालसिकाइ सामग्रीहरू पर्याप्त मात्रामा राख्नुपर्ने, बालसिकाइ सामग्रीहरू र भौतिक सुविधाहरूले कक्षाकोठा सजिसजाउ गरी रमाइलो वातावरण सृजना गर्नुपर्ने, सिकाइ क्षेत्रहरू व्यवस्था गर्नुपर्ने, शिक्षा विभागबाट प्रकाशित बालविकास पाठ्यक्रम र शिक्षण स्रोत सामग्री बमोजिम क्रियाकलाप गराउनु पर्ने तथा बाल विकास कार्यक्रमसँग सम्बद्ध निकायहरूबाट आवधिक रूपमा कक्षाकोठाको अनुगमन र सुपरिवेक्षण हुनुपर्ने जस्ता सुझावहरू समेत उल्लेख गर्नु भएको छ ।

आचार्य (२०६६) ले इन्द्रपुर स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमा सञ्चालित "बालविकास केन्द्रले सिकाइमा पारेको प्रभाव" बारेमा अध्ययन प्रतिवेदन तयार गर्नु भएको छ । यस अध्ययनमा बालविकास केन्द्रको अवसर नपाई सिधै विद्यालयमा भर्ना भएका बालबालिकाहरूको शैक्षिक उपलब्धिभन्दा बालविकास केन्द्रको अवसर प्राप्त गरी कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको शैक्षिक उपलब्धि उच्च रहेको, विद्यालयमा नियमितता उच्च रहेको, अतिरिक्त क्रियाकलापमा बढी सहभागिता हुने गरेको कुरा उल्लेख गर्दै बालविकास केन्द्रको सकारात्मक सङ्केतबारे सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउनु पर्ने, बालविकास केन्द्र सञ्चालन भएपछिका वर्षहरूमा देखिएका परिवर्तनको अभिलेख राख्नुपर्ने, बालविकास केन्द्रलाई सहयोग गर्ने

व्यक्ति, संघ-संस्थाहरूलाई उत्प्रेरित गर्दै जनुपर्ने, बालविकास केन्द्रमा काम गर्न स.का. हरूलाई तालिमको व्यवस्था गर्ने र स.का. हरूको पारिश्रमिक ज्यादै न्यून भएको कारणले समयानुसार उचित व्यवस्था गर्नुपर्ने जस्ता पक्षहरूलाई मुख्य सुझावको रूपमा प्रस्तुत गर्नु भएको छ।

बस्याल (२००८) ले ECD केन्द्रको व्यवस्थापन सम्बन्धमा “नेपालमा ECD र इजराइल” भन्ने शीर्षकमा प्रस्तुत गर्नु भएको लेखमा May 17, 2008 मा एउटा नेपाली टोली “बालबालिकाहरूका लागि सिकाई वातावरण सिर्जना” विषयक विशेष अध्ययन इजराइलको भ्रमण प्रसङ्ग उल्लेख गर्दै नेपालमा दशौं योजनाले १६ हजार ECD खोल्ने योजना बनाए तापनि बिनापूर्वाधार हालसम्म २० हजारभन्दा बढी ECD केन्द्रहरू खुलेका छन्। यसको मुख्य कारण जिम्मेवारी पहिचान नभएर हो भन्ने उल्लेख गरिएको छ। तर इजराइलमा राज्यले ECD लाई National infrastructure को रूपमा लिएको र ECD को लागि छुट्टै विभागको व्यवस्था गरी शैक्षिक बजेटको ७.९% छुट्याएको र सामान्यतया सबै सहयोगी कार्यकर्ता B.Ed. रहेका र जन्मेदेखि ६ वर्षसम्मको समय बालविकास केन्द्रको हो भन्ने कुरा राज्यले निश्चित गरेको प्रसङ्ग उल्लेख गर्दै नेपालमा अष्टम कक्षा उत्तीर्ण पनि सहयोगी कार्यकर्ता रहेका र वेतन यति थोरै छ कि खाजा खाने पैसा पनि नपुग्ने अवस्था छ भन्ने उल्लेख गर्दै यसको ठीक विपरीत इजराइलमा पर्याप्त सुविधा भएको र भौतिक सुविधा सम्पन्न बालविकास केन्द्रहरू रहेका र देशको भविष्य बच्चाहरूसँग जोडिएको कुरामा सबै विश्वस्त छन् र सोही अनुसार व्यवस्था पनि गरिएको उल्लेख गर्नुहुँदै नेपाल सन्दर्भमा हिजो भएका गल्तिलाई सच्याई नयाँ संविधानले बच्चाको नैसर्गिक अधिकारलाई सुरक्षित गर्नुपर्ने, बालविकास केन्द्रमा जाने उमेरका बच्चाहरूको खोजी गर्नुपर्ने, सहयोगी कार्यकर्तालाई एउटा पूर्ण शिक्षक बराबर राज्यले सुविधा उपलब्ध गराउनु पर्ने बरू उनीहरू तालिम प्राप्त हुनुपर्छ भन्ने प्रावधान राख्न सकिन्छ भन्ने सुझावहरू समेत उल्लेख गर्नु भएको छ।

बालमैत्री विद्यालय शिक्षक-प्रशिक्षण पुस्तिका २०६२ मा “बालमैत्री विद्यालय र कक्षाकोठा व्यवस्थापन” शीर्षकमा कक्षाकोठामा विद्यार्थीहरू सिकाइ क्रियाकलापमा संलग्न हुन्छन् भने शिक्षकहरूबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनेहुँदा सिक्ने र सिकाउने प्रक्रियालाई सहज बनाउन कक्षाकोठाको वातावरण बालमैत्री र शिक्षकमैत्री हुनु जरूरी भएको उल्लेख गर्दै यसका लागि व्यवस्थापन पक्षले ठूलो भूमिका खेलेको हुन्छ भनी उल्लेख गरिएको छ। राम्रो व्यवस्थापनले शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा सहजता मात्र ल्याउने होइन कि समयको सदुपयोग पनि हुने हुनाले कक्षाकोठाभित्र विद्यार्थीलाई टिकाउनमा सहयोग पुऱ्याउने कुरा उल्लेख गर्दै रमाइलो वातावरणमा विद्यार्थीहरू लामो समयसम्म कक्षाकोठामा बस्नाले उनीहरूले त्यहाँ प्रत्यक्ष र अप्रत्यक्ष

रूपबाट सिक्ने अवसर पाइरहेका हुन्छन् भन्ने उल्लेख गर्दै कक्षाकोठाको वातावरण स्वागतयोग्य र सुरक्षित, आकर्षक र व्यवस्थित, सकारात्मक र सहयोगी, प्रोत्साहित र अभिप्रेरित हुनुका साथै परिवर्तनशील र धेरै रमाइलो हुनुपर्ने कुरामा जोड दिइएको छ (विभाग, २०६२) ।

पोखरेल (२०६६) ले मोरङ जिल्लामा सञ्चालित बालमैत्री विद्यालयहरू अन्तर्गत "बालमैत्री विद्यालयमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था : एक अध्ययन" भन्ने शीर्षकमा शोधपत्र तयार पार्नु भएको छ । अध्ययनमा शोधकर्ताले बालमैत्री विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारहरू सधैं विद्यालयमा पर्याप्त मात्रामा सम्पन्न भएको नपाइएको यसले गर्दा उपयुक्त क्रियाकलापहरू सहज र सरल रूपमा सञ्चालन गर्न बाधा पुगेको उल्लेख गरिएको छ । सबै बालमैत्री विद्यालयमा सबै प्रकारका दण्डहरू पूर्ण रूपमा हट्न सकेका छैनन् र शिक्षकद्वारा विद्यार्थीलाई दिइने शारीरिक दण्ड हटेको पाइए तापनि विद्यालयमा अन्य मानसिक तथा मनोवैज्ञानिक दण्ड, साथीभाइ बीचको र घर-परिवारबाट हुने दण्डहरू हट्न नसकेको तर विद्यालयमा हुने दण्डहरू घट्दो अवस्थामा रहेको उल्लेख गरिएको छ । हाल सञ्चालित बालमैत्री विद्यायहरूले कक्षाकोठा व्यवस्थापनलाई बढी जोड दिइएको तथा कक्षाकोठा व्यवस्थापनमा बालसुलभ बसाइ व्यवस्था, क्रियाकलापजन्य कक्षाकोठा र बाल उपयोगी सामग्री सहितको भित्ते लेखनलाई मुख्य ठानिएको पाइयो भनी उल्लेख गर्दै केन्द्रीय, जिल्ला र विद्यालय तहका लागि तहगत रूपमा केही सुझावहरू उल्लेख गरिएको छ ।

सेनेगलको डकार २६-२८ अप्रिल २००० मा अनुमोदित घोषणा अनुसार शिक्षालाई सहस्राब्दी विकासको मुख्य लक्ष्यको रूपमा संयुक्त राष्ट्र सङ्घ (UNO) का सबै सदस्य राष्ट्रहरूले प्रतिबद्धता जनाएपछि "सबैका लागि शिक्षा" घोषणा गर्दै सन् २०१५ सम्ममा निःशुल्क तथा अनिवार्य गुणस्तरीय प्राथमिक शिक्षा सबै बालबालिका विशेष गरी छात्रा, कठिन अवस्थाका बालबालिका तथा अल्पसङ्ख्यक जातजातिका बालबालिकाहरूको पहुँचमा पुऱ्याउने सुनिश्चितका लागि सम्मेलनमा सहभागी राष्ट्रहरूद्वारा हस्ताक्षर गरिएको थियो । नेपाल पनि उक्त घोषणापत्रमा हस्ताक्षर गर्ने विश्व शिक्षा मञ्चको सदस्य राष्ट्रको रूपमा "सबैका लागि शिक्षा" को उद्देश्य निर्धारित समयमा प्राप्त गर्ने उद्देश्यले EFA लाई राष्ट्रिय प्राथमिकताको कार्यक्रम अन्तर्गत राखी नेपाल सरकारद्वारा मुख्य ६ वटा उद्देश्यका साथ सबैका लागि शिक्षा - एउटा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) तयार गरिएको छ ।

बिष्ट (२०६५) ले 'शिक्षक मासिक' पत्रिकामा प्रकाशित 'अवस्था अवधारणा र प्रयोग' शीर्षकको लेखको निष्कर्ष अनुसार कक्षा व्यवस्थापनको मुख्य उद्देश्य भनेको कक्षालाई विद्यार्थीमैत्री तथा रमाइलो र सिकाइ अनुकूल पार्नु हो । त्यस्तै विद्यार्थीको बसाई व्यवस्थापन, कक्षामा रहेको

शैक्षिक सामग्रीको व्यवस्थापन र कक्षाको कार्यप्रणालीको व्यवस्थापन कक्षा व्यवस्थापनका आवश्यक तत्वहरू हुन् ।

श्रेष्ठ र बस्न्यात् (२०६५) का अनुसार शिक्षाको विकास, विस्तार, लोकप्रियता र सिकाइ प्रभावकारितामा ज्यादै महत्वपूर्ण भूमिका खेल्ने तत्व कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठा व्यवस्थापन भौतिक पक्षको व्यवस्थापनको एक प्रमुख अङ्ग हो । भौतिक पक्षको व्यवस्थापन शैक्षिक पक्षको विकासको पूर्वाधार हो । प्रभावकारी सिकाइ वातावरण सिर्जना गर्नका लागि आवश्यक सुविधा जुटाउने अथवा तिनीहरूको समुचित व्यवस्थापन गरी कक्षाकोठा प्रयोग गर्ने कार्यलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । शिक्षाविद् Johnsona & Bany का अनुसार “शैक्षिक उद्देश्यहरू प्राप्तिका लागि समूह र कक्षाकोठाको आन्तरिक अवस्था विकसित गर्ने प्रक्रियालाई कक्षाकोठा व्यवस्थापन भनिन्छ ।” समष्टिमा कक्षाकोठा व्यवस्थापन अन्तर्गत (क) बसाइको व्यवस्थापन, (ख) भौतिक व्यवस्थापन र (ग) विद्यार्थी क्रियाकलापको व्यवस्थापन पर्दछन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

फ्रोबेल (१८१२) का अनुसार बालबालिकाहरू बगैंचामा फूल्ने कोमल र सुन्दर फूलहरू जस्तै हुन् र शिक्षक त्यस बगैंचाको रेखदेख गर्ने माली हुन् । शिक्षकले बालकरूपी फूहरूलाई स्याहारसम्भार, मलजल, गोडमेल गरेर हुर्काउनु पर्छ अर्थात् स्वतन्त्र वातावरणमा हुर्कने, स्व-क्रियाकलाप गर्ने र सिक्ने अवशर दिनुपर्छ । फ्रोबेलको यो अवधारणा किन्डरगार्टेन विधि हो जुन खेल विधिमा आधारित छ । किन्डरगार्टेन पद्धति गरेर सिक्ने सिद्धान्तमा आधारित छ । त्यसैले बालमैत्री विद्यालयका बालबालिकालाई रमाइलो लाग्ने र बालकेन्द्रित शिक्षणमा आधारित विद्यालय हने अवधारणालाई अझ विकसित गर्न यस फ्रोबेल किन्डर गार्टेन विधिलाई यो शोधकार्यका लागि आधार बनाइएको छ ।

डा. मारिया मन्टेसरी (१८७०-१९५२) का अनुसार शिक्षा भन्नु विकास हो । विकास बालबालिकाहरूको मनभित्रबाट आउनु पर्दछ । बालिबालिकाकाको जन्मजात गुणहरूलाई पूर्णरूप दिनु नै शिक्षा हो । बालबालिकाहरू जन्मिएको बेला उनीहरूको आन्तरिक स्वरूप स्वतन्त्र वातावरणमा प्रस्फुटन हुन सक्छ । त्यसकारण बालबालिकाहरूका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । यसकारण मन्टेश्वरीको विचारमा स्वतन्त्रता बालबालिकाको भौतिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरू आत्मनिर्भर हुने कोशिस गर्दछन् । प्रत्येक व्यक्तिको आफ्नै विचारहरू हुन्छन् । जसको व्यक्तित्व एकअर्कासँग भिन्न हुन्छ । कक्षा शिक्षण वा सामुहिक शिक्षणबाट उसको व्यक्तित्वलाई लत्याउनु हुँदैन । उनीहरूको ईच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास

गर्ने मौका दिइएमा उनीहरूले आफ्ना अन्तरनिहीत गुणहरू आफ्नै ढङ्गले प्रदर्शन गदर्छन् । त्यसकारण शिक्षकले प्रत्येक बालबालिकाहरूको सर्वपक्ष बारे अत्यन्त गम्भीरतापूर्वक अवलोकन गरी उनीहरूको नैसर्गिक गुणहरू स्वतन्त्रतापूर्वक विकास गर्न उपयुक्त वातावरण तयार गर्नुपर्दछ । यदि शिक्षकले बालबालिकाको सिकाइलाई प्रभाव पार्नेगरी दवाब दिइएमा उनीहरूले सिक्न सक्दैनन् । स्वतन्त्र वातावरणमा बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य हो । यसमा पाठ्यक्रम विषयकेन्द्रित नभई बालकेन्द्रित हुन्छ ।

मास्लो (१९४३) का अनुसार आवश्यकता बिना मानिस कुनै काम गर्न क्रियाशिल हुँदैन । त्यसको लागि उसलाई प्रेरित गर्नुपर्छ । मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भइरहन्छन् । यस सिद्धान्त अनुसार व्यवस्थापकको कार्यकुशलतामा नै व्यवस्थापनको प्रभावकारीता निर्भर गर्दछ । कनै पनि संगठनमा व्यवस्थापन सामूहिक कार्य भए तापनि सबै तहका व्यवस्थापकहरूले आ-आफ्नो तहमा रहेर आफ्नो क्षमता, दक्षतालाई प्रयोग गर्दै सुमधुर सम्बन्ध, समन्वय, मूल्याङ्कन, नियन्त्रण र सफल नेतृत्वका आधारमा जिम्मेबारी पूरा गरेमा संगठन निर्धारित लक्ष्यतर्फ सजिलै पुग्दछ भन्ने यस सिद्धान्तको आशय हो । यस सिद्धान्तलाई पिरामिडको रूपमा निम्न बमोजिम चित्रण गर्न सकिन्छ ।

मास्लोले मानिसको आवश्यकतालाई श्रृङ्खलाबद्ध तवरले श्रेणी विभाजन गरेका छन् । न्यूनस्तरको अवाश्यकता पूरा हुँदै माथिल्लो स्तरको आवश्यकता पूरा गर्न मानिस उत्प्रेरित हुने गर्दछ । आवश्यकता सम्बन्धी यो सिद्धान्तले विद्यालयप्रति नकारात्मक भावना भएका र विद्यालयमा प्रवेश नै हुन नसकेका बालबालिकाहरू विद्यालयप्रति आकर्षित हुने वातावरण सिर्जना हुन गई विद्यालय बालमैत्री बन्न सक्ने आधारमा विश्लेषण अध्ययनको वैचारिक खाकाको रूपमा लिइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत शीर्षकको शोध अध्ययनका लागि प्रयोग गरिएका सैद्धान्तिक खाकाको रूपमा मन्टेश्वरीको स्वःशिक्षा तथा पूर्व साहित्यहरूको पूनरावलोकनबाट विद्यालयलाई बालमैत्री बनाउन सहयोग पुग्ने कुरा निर्देशित हुनेछ । शिक्षाको पहुँचबाट टाढा रहेका बालबीलकाहरूलाई विद्यालयको दायराभित्र ल्याउन, उनीहरूलाई टिकाइ राख्न र तोकिएको समयमा प्राथमिक तह पूरा गराउन थप सहयोग पुग्ने देखिन्छ । बालमैत्री विद्यालयमा कक्षाकोठा रूचिपूर्ण हुने र शिक्षकले बालबालिकाहरू प्रति गर्ने व्यवहार सहभागितामूलक, सकारात्मक र मैत्रीपूर्ण हुन्छन् । राष्ट्रको समुचित विकासका लागि त्यस देशमा बसोबास गर्ने सम्पूर्ण बालबालिकाले बालमैत्री वातावरणमा शिक्षा पाउनु आजको

आवश्यकता हो । बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गरी उनीहरूको सर्वाङ्गिण विकास गर्नका लागि विद्यालय बालमैत्री हुनुपर्दछ । बालमैत्री विद्यालयमा कक्षाकोठा स्वागतयोग्य र सुरक्षित हुने, आकर्षक र व्यवस्थित हुने साथै सकारात्मक र सहयोगी पनि हुन्छन् । जसले उनीहरूलाई प्रोत्साहित र अभिप्रेरित गर्ने हुनाले उनीहरूलाई आफ्नो अन्तरनिहित प्रतिभाको प्रस्फूटन गर्नमा धेरै रमाइलो वातावरण समेत महशुस भई आवश्यकता अनुसारको शिक्षा प्राप्त गर्न सहयोग पुग्ने हुनाले यो मास्लोको आवश्यकताको सिद्धान्तमा आधारित रहेको छ ।

डा. मरिया मन्टेश्वरीका अनुसार शिक्षा भनेको विकास हो । बालबालिकाहरूका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । स्वतन्त्र वातावरणमा उनीहरूको आन्तरिक स्वरूप प्रस्फुटन हुन्छ । स्वतन्त्रता बालबालिकाको भौतिक अधिकार हो । स्वतन्त्र वातावरणमा मात्र बालबालिकाहरू आत्मनिर्भर हुने कोशिस गर्दछन् । उनीहरूको इच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिएमा उनीहरूले आफ्ना अन्तरनिहीत गुणहरूलाई आफ्नै ढङ्गले प्रदर्शन गर्दछन् भन्ने सिद्धान्त बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अध्ययन कार्यका लागि मार्ग निर्देशक सिद्धान्तको रूपमा रहेको छ । उनको यस मान्यतालाई बालमैत्री विद्यालयसँग गाँसी अध्ययन गर्न सकिन्छ ।

सबैका लागि शिक्षाको सन्दर्भमा शिक्षामा पहँच नपुगेका बालबालिकाहरूलाई बालमैत्री विद्यालयको अवधारणा नल्याएसम्म सन् २०१५ सम्ममा निःशुल्क अनिवार्य प्राथमिक शिक्षा बालबालिकाहरूको पहुँचमा पुऱ्याउने लक्ष्य सफल हुन सक्तैन । हालसम्मका अनुसन्धानहरूमा बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्थाको विषयमा शोध अनुसन्धान भए तापनि बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्बन्धमा आजसम्म कुनै शोध अनुसन्धान नगरिएकाले प्रस्तुत शीर्षकमा गरिएको यस शोध अनुसन्धानले अधिराज्यभरका विद्यालयहरूमा कक्षाकोठा व्यवस्थापन विषयमा अध्ययन अनुसन्धान गर्नका लागि आवश्यक सहयोग पुग्ने विश्वास गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१. अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षकको शोध अध्ययन सबै विधिमा आधारित रहेको छ । अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुवै अध्ययन ढाँचा अवलम्बलन गरिएको छ । तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा विभिन्न चित्र, तालिका, प्रतिशत आदिमा प्रस्तुत गरिएको छ । साथै अध्ययन क्षेत्रका सम्बन्धित सरोकारावालाहरूसँगको छलफल, अन्तरक्रिया र भराइएका प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र सूचनालाई गुणात्मक पक्षबाट व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ३.२. जनसङ्ख्या

यो शोध अध्ययनका लागि मोरङ जिल्लामा सञ्चालित सम्पूर्ण बालमैत्री विद्यालयहरू जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३. नमूना छनोट

यो शोध अध्ययनका लागि मोरङ जिल्लामा सञ्चालित सम्पूर्ण बालमैत्री विद्यालयहरू मध्ये विराटनगर उपमहानगरपालिका अन्तर्गत रहेका ४ वटा बालमैत्री विद्यालयहरू छनौट गरिएको छ ।

### ३.३.१ नमूनाको आकार :

उक्त नमूना विद्यालयहरूसँग सम्बन्धित प्र.अ. ४ जना, शिक्षक ४ जना, विद्यार्थी ८ जना, उनीहरूका अभिभावक ४ जना र स्रोतव्यक्ति १, वि.नि. १ र प्रशिक्षक १ जना गरी जम्मा २३ जनालाई अध्ययनमा नमूनाको आकारको रूपमा प्रस्तुत गरिएको छ । जुन अनुसूची ४ मा उल्लेख गरिएको छ ।

### ३.३.२ नमूना छनोट प्रक्रिया

माथि उल्लेख गरिएका जनसङ्ख्याहरूबाट विद्यालयमा अध्ययनरत विद्यार्थी, तिनीहरूका अभिभावक, प्र.अ., शिक्षक, वि.नि. र स्रोतव्यक्तिहरूको छनौट गर्दा उद्देश्यमूलक नमूना छनौट विधि र यादृच्छिक नमूना छनौट विधिको प्रयोग गरिएको छ ।

### ३.३.३ नमूना छनोटको आधार

नमूनाको रूपमा ४ वटा विद्यालय र त्यस अन्तर्गत रहेका विद्यार्थी, अभिभावकहरू र शिक्षकहरमा उद्देश्यपूर्ण नमूना छनौट गर्दा अध्ययनका उद्देश्यपूर्ण तथ्याङ्क प्राप्त हुने गरी

अवलोकन गर्नुका साथै नमूना छनौटमा लिइएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावककहरू तथा स्रोतव्यक्तिसँग प्रश्नावली मार्फत र अध्ययन क्षेत्रको सरोकारावालाहरू बीच सामूहिक छलफल, अन्तरवार्ता र अन्तरक्रिया गरी आवश्यक तथ्य एवम् जानकारी हासिल गरिएको छ । विद्यालयका रेकर्डहरू हेरी विद्यार्थीहरूको विवरण तयार गरिएको छ । यस शोध अध्ययनलाई पूर्णता प्रदान गर्न समय, स्रोत र साधनलाई प्रमुख आधार बनाएर नमूनाको रूपमा उल्लेखित आकार निर्धारण गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु र विश्लेषण प्रक्रिया

यस शोधपत्र अध्ययनका लागि निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ सर्वेक्षण फाराम

नमूना छनौटमा परेका विद्यालयहरूमा उपलब्ध तथ्याङ्कका आधारमा दलित र जनजाति बालबालिकाहरूले बीचैमा कक्षा छाड्ने अवस्था साथै सम्पूर्ण विद्यार्थीहरूको शैक्षिक तथ्याङ्कहरू लिनका लागि शिक्षक र प्र.अ.लाई सर्वेक्षण फाराम भराइएको थियो । जसको नमूना अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ३.४.२ प्रश्नावली

नमूना छनौटमा परेका विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक, प्र.अ., वि.नि. र स्रोतव्यक्तिलाई भराइएको प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो । जसको नमूना अनुसूची ४, ५, ६ र ७ मा प्रस्तुत गरिएको छ ।

### ३.४.३ सामुहिक छलफल

नमूना छनौटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी र अभिभावकहरूसँग बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्बन्धमा सामूहिक रूपमा छलफल गरिएको थियो । छलफलका विषयहरू अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### ३.४.४ अन्तर्वार्ता

प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमूना छनौटमा परेका स्रोत व्यक्ति, विद्यालयका प्र.अ., अभिभावक र विद्यार्थीसँग अन्तर्वार्ता लिइएको थियो । यसको नमूना विवरण अनुसूची ३ मा दिइएको छ ।

## ३.५ साधनहरूको वैधता

यस अध्ययनका प्रमुख तथ्याङ्कका साधनहरू छलफल, प्रश्नावली, सर्वेक्षण फाराम र अन्तरवार्तालाई लिइएको छ । यसलाई विश्वसनीय र भरपर्दो बनाउनका लागि आन्तरिक शोधनिर्देशकको मातहतमा रही सुरूदेखि अन्तिमसम्म सम्पूर्ण काम पूरा गरी अनुसन्धान कार्यलाई यस शोधपत्रमा वैधता प्रदान गरिएको छ ।

## ३.६ तथ्याङ्कका स्रोतहरू

यस शोध अध्ययनको तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

क) प्राथमिक स्रोत

प्रश्नावली, सर्वेक्षण फाराम, अन्तरवार्ता र छलफललाई तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

ख) द्वितीय स्रोत

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा नमूना छनौटमा परेका विद्यालयहरूका अभिलेखहरू, हाजिरी खाता, परीक्षाफल पुस्तिका, भर्ना पुस्तिका तथा जि.शि.का. र स्रोतकेन्द्रका शैक्षिक अभिलेख आदि रहेका छन् ।

## ३.७ तथ्याङ्क सङ्कलन विधि

यो शोधकार्यलाई उद्देश्यमूलक बनाउन निर्धारण गरिएका उद्देश्यहरूका आधारमा तथ्याङ्क सङ्कलनका लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वास्तविक यथार्थ अवलोकन गर्नुका साथै नमूना छनौट गरिएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीहरू, अभिभावकहरू तथा स्रोतव्यक्तिसँग प्रश्नावली, सामूहिक छलफल, अन्तरवार्ता र सर्वेक्षण फाराम समेत भराई प्राथमिक तथ्याङ्क हासिल गरिएको छ । द्वितीय स्रोतको रूपमा विद्यालयबाट प्राप्त रेकर्डका आधारमा तथ्याङ्कहरू सङ्कलन गरिएका छन् ।

## ३.८ तथ्याङ्क विश्लेषण विधि

शोधअध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई नमूना छनौटमा परेका विद्यालयहरूको विवरण आवश्यकता अनुसारको तालिकामा राखी संख्या र प्रतिशतमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

अध्ययनको यस खण्डमा प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त भएका सूचनाहरूको विश्लेषण तथा विवेचना गरिएको छ । अनुसन्धानको उद्देश्य प्राप्त गर्न तथ्याङ्कहरूलाई स्तरीकरण, निर्धारण, क्रम हेरफेर र संक्षेपमा प्रस्तुत गर्नु नै विश्लेषण हो । गुणात्मक तथ्यहरूलाई विवरणात्मक र विश्लेषणात्मक रूपमा विश्लेषण गर्दै प्रस्तुतीकरण गरिएको छ । अध्ययनलाई निष्कर्षमा पुऱ्याउन आवश्यकता अनुसार सान्दर्भिक सिद्धान्तहरूलाई आधार लिइएको छ । यस अध्ययनलाई सही निष्कर्षमा पुऱ्याउन शैक्षिक लेख तथा शिक्षासँग सम्बन्धित ऐन, नियम तथा प्रतिवेदनहरूको पनि सहयोग लिइएको छ । शोध अध्ययनको उद्देश्य अनुसार अनुसन्धानका साधनहरूको निर्माण गरी सो साधनबाट प्राप्त सूचनाहरूलाई उद्देश्यसँग केन्द्रित तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण गरी अध्ययनको उद्देश्यलाई समष्टिमा निकालिएको छ ।

नेपालका विद्यालयहरूमा सञ्चालित 'बालमैत्री विद्यालयको' वर्तमान अवस्थालाई हेर्दा कक्षाकोठा व्यवस्थापनका बारेमा सैद्धान्तिक स्पष्टता छैन् । जसले गर्दा यसको कार्यान्वयनमा समस्या देखिन्छ । विद्यालयहरूमा के कस्ता सम्भाव्यताहरू रहेका छन् र के कस्ता थप सहायताको आवश्यकता छ सो को लेखाजोखा गर्नुपर्ने देखिन्छ । बालमैत्री कक्षाकोठा व्यवस्थापनको खोजी, तयारी र सञ्चालनमा अझै कमी छ । बालमैत्री शैक्षिक सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोगमा पनि कमी नै छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको वास्तविक प्रयोग हुन सकेको छैन । शिक्षकहरू शिक्षणप्रति उत्सुक र जागरूक छन् । विद्यार्थीहरू पनि सहयोगी र सिर्जनात्मक बन्दै गएको पाइएको छ । अभिभावक, समुदाय र अन्य सरोकारवालाहरूलाई जागरूक अवस्थामा ल्याउन अझै बाँकी छ ।

## ४.१ बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था

बालमैत्री विद्यालयका कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो हुनु पर्दछ ?, बालमैत्री विद्यालयका शिक्षकका बालमैत्री व्यवहारहरू कस्ता हुन्छन् ? बालमैत्री विद्यालयमा कस्ता-कस्ता समस्या हुन्छन् ? र ती समस्या समाधान गर्न कस्ता उपायहरू अबलम्बन गर्न सकिन्छ ? आदि प्रश्नहरूका सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयहरूका वि.व्य.स. अध्यक्ष तथा अभिभावकसँग प्रश्नावली, अन्तरक्रिया, छलफल, अन्तर्वाता आदिका माध्यमबाट विचार तथा धारणाहरू लिइएको थियो । यिनै विचार तथा धारणाहरूका आधारमा शोध शीर्षक सम्बन्धी समस्याहरूको समाधान गर्ने

सूचनाहरू प्राप्त भएका छन् । यी वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरूको धारणालाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं. १, कक्षाकोठा व्यवस्थापन सम्बन्धी धारणा तालिका

| क.सं. | व्यवस्थापनका पक्ष | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | स्वागत योग्य र सुरक्षित | १६ | १००% |
| २. | आकर्षक र व्यवस्थित | १६ | १००% |
| ३. | सकारात्मक र सहयोगी | १६ | १००% |
| ४. | परिवर्तनशील र धेरै रमाइलो | १६ | १००% |
| | जम्मा | १५ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

सबै वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरूले प्रश्नमा दिइएका विकल्पहरूमा सहमति जनाएको पाइयो । त्यसकारण स्वागत योग्य र सुरक्षित, आकर्षक र व्यवस्थित, सकारात्मक र सहयोगी तथा परिवर्तनशील र धेरै रमाइलो वातावरण बालमैत्री विद्यालयको कक्षाकोठा व्यवस्थापनका पक्षहरू हुन् ।

मन्टेश्वरीले प्रारम्भिक बाल शिक्षालाई बालगृहको रूपमा लिएकी छन् र स्वतन्त्र वातावरणमा बालकले आ-आफ्नो रूचि अनुसार क्रियाकलाप गरी सिक्ने अवसर प्राप्त गर्दछन् भन्ने कुरामा जोड दिएकी छन् । वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरू बालमैत्री विद्यालयको कक्षाकोठा व्यवस्थापनका पक्षमा सत्प्रतिशत सहमति जनाउनुलाई विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन हुने कुरामा आशावादी रहन सकिन्छ ।

### ४.१.१ बालमैत्री विद्यालयमा सञ्चालित कक्षा क्रियाकलाप

मूल शोध प्रश्नसँग सम्बन्धित हुनेगरी बालमैत्री विद्यालयमा के कस्ता कक्षा क्रियाकलाप सञ्चालन गरिन्छन् ? भन्ने प्रश्न पनि प्रश्नावलीमा राखिएको थियो र यस प्रश्नका बारेमा प्र.अ. तथा शिक्षकको धारणा निम्नानुसार प्राप्त भयो ।

तालिका नं. २, बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापमा तालिका

| क.सं. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खेलको माध्यमबाट शिक्षण | १५ | १००% |
| २. | बालगीत, कथा, कविताको प्रयोग | १५ | १००% |
| ३. | पजलहरूको प्रयोग | ६ | ४०% |
| ४. | अभिनय, नाटकीकरण | १२ | ८०% |

| | | | |
|---|---|---|---|
| ५. | परियोजना कार्य | १० | ६६% |
| ६. | क्षेत्र भ्रमण | ११ | ७३% |
| | जम्मा | १५ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

माथिको तालिका अनुसार खेलको माध्यमबाट शिक्षण, बालगीत, कथा-कविताको प्रयोगमा १००% उत्तरदाताले कक्षा क्रियाकलापमा सञ्चालन गर्नुपर्छ भन्ने पाइयो भने अभिनय तथा नाटकीकरणमा ८०%, परियोजना कार्यमा ६६%, क्षेत्र भ्रमणमा ७३% र पजलहरूको प्रयोगमा ४०% कक्षा क्रियाकलाप गर्ने गरेको पाइयो ।

फ्रेडरिक फ्रोबेल (१८२७) का अनुसार शिक्षा भन्नु नै आत्म क्रियाकलाप गरेर सिक्ने (Learning by doing) हो । बालमैत्री विद्यालयमा परियोजना कार्य, क्षेत्र भ्रमण र पजहरूको प्रयोग जस्ता क्रियाकलाप सञ्चालनमा जोड दिएर कक्षाकोठा व्यवस्थापनमा उचित कदम नचालेको देखिन्छ ।

## ४.२ शिक्षकहरुको बालमैत्री व्यवहार

बालमैत्री विद्यालयमा शिक्षकका बालमैत्री व्यवहारहरू कस्ता हुन्छन् ? भन्ने सन्दर्भमा नमूनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूको व्यवहार यस प्रकार रहेको पाइयो ।

तालिका नं. ३, शिक्षकका बालमैत्री व्यवहार सम्बन्धी तालिका

| क्र.सं. | शिक्षकका बालमैत्री व्यवहारहरू | प्र.अ./शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | शिक्षक सक्रिय हुने | ७ | ३५% |
| २. | विद्यार्थीलाई सधैं सक्रिय बनाइ राख्ने | २० | १००% |
| ३. | शिक्षक निर्देशक तथा पथ प्रदर्शक हुने | २० | १००% |
| ४. | विद्यार्थीको चाहना र क्षमता अनुसार सिकाउने | २० | १००% |
| ५. | विद्यार्थीमा आत्मबल बढ्ने खालका शिक्षण विधिको प्रयोग गर्छन् । | २० | १००% |
| ६. | कक्षामा ढिलो र चाडो सिक्ने विद्यार्थीलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्ने | २० | १००% |
| ७. | विद्यार्थी-विद्यार्थीबीच हेला, भेदभाव र दुर्व्यवहार नहुने वातावरणको सुनिश्चितता हुने | १८ | ९०% |
| ८. | सबै विद्यार्थीलाई विनाभेद भाव समान अवसर प्रदान गर्ने । | २० | १००% |
| ९. | विद्यार्थीलाई भौतिक/शारीरिक तथा मानसिक सजाय दिँदैनन । | १९ | ९५% |
| | जम्मा | २० जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

बालमैत्री विद्यालयमा शिक्षकको व्यवहार विद्यार्थीलाई सधैं सक्रिय बनाइ राख्ने, शिक्षक आफूले निर्देशक तथा पथ प्रदर्शकको भूमिका निर्वाह गर्ने, विद्यार्थीहरूको चाहना र क्षमता अनुसार सिकाउने, विद्यार्थीको आत्मबल बढ्ने खालका शिक्षण विधिको प्रयोग गर्नु पर्दछ । कक्षामा ढिलो र चाँडो सिक्ने विद्यार्थीलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्ने गरेको पाइयो । सबै विद्यार्थीलाई बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्दछ भन्नेमा १००% उत्तरदाताहरू रहेको देखियो भने शिक्षक सक्रिय रहनेमा ३५%, विद्यार्थी-विद्यार्थीबीच हेला, भेदभाव र दुर्व्यवहार नहुने वातावरणको सु-निश्चितता दिने भूमिकामा उत्तरदाता ९०% रहे । त्यसैगरी शिक्षकले विद्यार्थीलाई भौतिक, शारीरिक तथा मानसिक सजाय दिदैनन् भन्ने भूमिकामा ९५% रहेको पाइयो । माथिको अध्ययनको विश्लेषणका आधारमा बालमैत्री विद्यालयमा शिक्षकले विद्यार्थीलाई सक्रिय बनाइ राख्ने तथा आफू निर्देशक एवं पथ प्रर्दशकका रूपमा भूमिका निर्वाह हुनुपर्दछ भन्ने तथ्य प्राप्त हुन्छ ।

फ्रोवेलका अनुसार बालबालिकाहरूमा अन्तरनिहित र नैसर्गिक मानवीय गुणको स्वच्छन्द विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो भन्ने कुरामा जोड दिएको हुँदा बालमैत्री विद्यालयमा विद्यार्थीहरू माथि शिक्षकबाट भौतिक, शारीरिक तथा मानसिक सजाय पूर्ण रूपमा हट्न नसकेको पाइएको हुँदा विद्यालयहरूमा पूर्ण रूपमा शिक्षकको बालमैत्री व्यवहार लागू नभएको पाइयो ।

## ४.३ बालमैत्री विद्यालयका समस्या

आफ्नो विद्यालयलाई बालमैत्री बनाउने क्रममा केही कठिनाई तथा समस्याहरू आइपरेका हुन सक्छन् । विद्यालयलाई बालमैत्री बनाउने क्रममा आइपर्ने समस्याहरू के कस्ता हुन्छन् भन्ने तथ्य पत्ता लगाउनका लागि नमूना छनौटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकसँग विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन तपाईंले भोग्नु भएका समस्याहरू के-के छन् ? भन्ने प्रश्न सोधिएको थियो । यस प्रश्नको उत्तरमा उत्तरदाताहरूबाट आएको उत्तरहरूलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ४, बालमैत्री विद्यालयका समस्या सम्बन्धी तालिका

| क्र.सं. | समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भौतिक व्यवस्थापनमा कठिनाइ | १५ | १००% |
| २. | अभिभावकमा चेतनाको कमी | १२ | ८०% |
| ३. | सबै शिक्षकलाई तालिम नहुनु | १५ | १००% |
| ४. | माथिल्लो कक्षामा बालमैत्री कक्षा नहुनु | १५ | १००% |
| ५. | विद्यालयको कमजोर आर्थिक अवस्था | १२ | ८०% |
| ६. | नियमित पृष्ठपोषणको अभाव | १० | ६६.६ % |
| | जम्मा | १५ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

मािथको तालिका अनुसार भौतिक व्यवस्थापनमा कठिनाइ, सबै शिक्षकलाई तालिम नहुनु, माथिल्लो कक्षामा बालमैत्री कक्षा नहुनु जस्ता समस्याहरूमा १००% उत्तरदाताहरू सहमत भएको पाइयो भने अभिभावकमा चेतनाको कमी र विद्यालयको कमजोर आर्थिक अवस्था समस्याको रूपमा रहेको मतको पक्षमा ८०% र नियमित पृष्ठपोषणको अभावमा ६६.६% उत्तरदाताहरू पाइयो । बालमैत्री विद्यालयको अवधारणा अनुसार विद्यालय भौतिक रुपमा सुरक्षित र रमाइलो शैक्षिक वातारण हुनुपर्ने कुरामा जोड दिएको हुँदा उक्त कुराहरु पूरा हुन नसकेको अवस्था देखिन्छ । यस्ता पक्षहरुको सुधारको लागि विद्यालयको भौतिक व्यवस्थापनमा सुधार गर्नुपर्ने, सबै शिक्षकहरुलाई बालमैत्री तालिम दिनुपर्ने र विद्यालयमा नियमित पृष्ठपोषणको व्यवस्था हुनुपर्ने देखिन्छ ।

### ४.३.१ बालमैत्री विद्यालयमा विद्यार्थीका समस्या

बालमैत्री क्रियाकलापहरू सञ्चालन गर्न, बालमैत्री विद्यालय स्थापना गर्न, कक्षाकोठा व्यवस्थापन तथा विद्यालय सु-सञ्चालनका क्रममा देखापर्ने प्रमुख समस्याहरूका बारेमा नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरूसँग तिम्रो विद्यालयमा कस्ता समस्याहरू छन्? भन्ने प्रश्नको राय तथा धारणा लिँदा निम्न अनुसार प्राप्त भयो ।

तालिका नं. ५, बालमैत्री विद्यालयमा विद्यार्थीका समस्या सम्बन्धी तालिका

| क्र.सं. | समस्याहरूको प्रतिक्रिया | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कक्षामा बसाइ अप्ठ्यारो छ | - | - |
| २. | शिक्षकले ध्यान दिएर पढाउनु हुन्न | २ | २०% |
| ३. | सबै शिक्षकले राम्ररी पढाउनु हुन्न | ६ | ६०% |
| ४. | शैक्षिक सामग्रीहरू थोरै छन् | १० | १००% |
| ५. | विद्यालयमा पैसाको अभाव छ | १० | १००% |
| ६. | विद्यालयमा अभिभावक आउनुहुन्न | ५ | ५०% |
| | जम्मा : | १० जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

बालमैत्री विद्यालयका प्रमुख समस्याहरूमा शैक्षिक सामग्रीहरू थोरै छन् र विद्यालयमा पैसाको अभाव छ भन्ने समस्यामा सत्प्रतिशत उत्तरदाता विद्यार्थीहरूले सहमति जनाएको पाइयो । त्यस्तै कक्षामा बसाइ अप्ठ्यारो छ भन्ने विकल्पलाई कुनै पनि उत्तरदाता विद्यार्थीले स्वीकार गरेनन् । यसैगरी सबै शिक्षकले राम्ररी पढाउनु हुन्न भन्ने समस्यामा मत दिने ६०% र विद्यालयमा अभिभावक आउनु हुन्न भन्ने समस्या देखाउने ५०% विद्यार्थीहरू

पाइए । बालमैत्री अवधारणा अनुसार विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्नुपर्ने, कक्षाकोठालाई बालमैत्री बनाउन बालबालिकामा उत्प्रेरणा जगाई सक्रिय र सहभागितात्मक शिक्षण सिकाई क्रियाकलापको प्रयोगबाट बालरुचि अनुसार उनीहरुसँग व्यवहार गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । शिक्षकहरुले पनि  उनीहरुलाई सिकाउन उत्सुक र प्रतिबद्ध हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । विद्यालयका बालबालिहरुले आफूलाई भौतिक रुपमा सुरक्षित र रमाइलो शिक्षण सिकाइ वातावरण नभएको प्रतिक्रिया पाइएकोले बालमैत्री विद्यालयका ज्वलन्त समस्याहरुमा शैक्षिक सामग्रीहरु तथा विद्यालयमा आर्थिक अभाव हुनु साथै शिक्षकहरुलाई बालमैत्री सम्बन्धी तालिमको आवश्यकता टड्कारो रुपमा रहेको देखिन्छ ।

### ४.३.२ बालमैत्री विद्यालयका विशेषताहरुको विश्लेषण

बालमैत्री विद्यालयका विशेषताहरू कुन-कुन लाई तपाईं मान्नुहुन्छ ? भन्ने प्रश्नका आधारमा निम्न विश्लेषण गरिएको छ ।

तालिका नं. ६, बालमैत्री विद्यालयका बिशेषता सम्बन्धी तालिका

| क्र.सं. | बालमैत्री विद्यालयका विशेषताहरू | प्र.अ./शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बालकेन्द्रित क्रियाकलाप | २० | १००% |
| २. | सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय | १५ | ७५% |
| ३. | बाल अधिकारको सु-निश्चित भएको | २० | १००% |
| ४. | सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको | १८ | ९०% |
| ५. | बाल सहभागितामा जोड दिइने | २० | १००% |
| ६. | समावेशीकरणको अवस्था | ८ | ४०% |
| ७. | दण्डहीन वातावरण | २० | १००% |
| ८. | विभेदरहित अवस्था रहेको | १६ | ८०% |
| ९. | उपयुक्त भौतिक वातावरण भएको | १९ | ९५% |
| १०. | समुदायको संलग्नता | ९ | ४५% |
| जम्मा | | २० जना | |

स्रोत : स्थलगत अध्ययन वर्ष, २०६८ ।

माथिको तालिका अनुसार बालकेन्द्रित क्रियाकलाप, बाल अधिकारको सुनिश्चिता भएको, बाल सहभागितामा जोड दिइने, दण्डहीन वातावरण भएको भन्ने विशेषतालाई सत्प्रतिशत उत्तरदाताले जोड दिएका छन् भने सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय भएको भन्ने विशेषतामा ७५%, समावेशीकरणको अवस्थामा ४०%, विभेदरहीत अवस्थामा

८०%, उपयुक्त भौतिक वातावरणमा ९५% र समुदायको संलग्नतामा ४५% उत्तरदाताले आफ्नो विचार प्रकट गरेका छन् ।

माथिको विश्लेषणका आधारमा निम्न विशेषता भएको विद्यालयलाई बालमैत्री विद्यालय भन्न सकिन्छ ।

बालकेन्द्रित क्रियाकलाप सञ्चालन हुने विद्यालय ।

बाल अधिकार र  बाल सहभागितामा सुनिश्चितता भएको ।

दण्डहीन र विभेदरहीर वातावरण भएको ।

सक्रिय शिक्षण सिकाई क्रियाकलाप सञ्चालन र उपुयुक्त भौतिक वातावरण भएको ।

### ४.३.३ बालमैत्री विद्यालयमा सञ्चालन गरिने शैक्षिक क्रियाकलाप

बालमैत्री विद्यालयमा वर्षभरिमा के कस्ता शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छन् ? भन्ने सन्दर्भमा नमूनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूको प्रतिक्रिया यस प्रकार रहेको पाइयो ।

तालिका नं. ७, बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलाप

| क्र.सं. | शैक्षिक क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | वर्ष भरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप | १५ | १००% |
| २. | गरीब तथा जेहेन्दार छात्रबृत्ति | १२ | ८०% |
| ३. | दलित तथा पिछडिएकाको लागि छात्रबृत्ति | १० | ६६.६% |
| ४. | शान्ति शिक्षा दिने | ९ | ६०% |
| ५. | शैक्षिक भ्रमण कार्यक्रम | १२ | ८०% |
| ६. | निरन्तर विद्यार्थी मूल्याङ्कन | १५ | १००% |
| ७. | योजनाबद्ध शिक्षण | १५ | १००% |
| | जम्मा | १५ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

माथिको तालिका अनुसार वर्षभरिको लागि योजना बनाएर अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्ने तथा  योजनाबद्ध शिक्षण प्रक्रिया कार्यान्वयन गर्नेमा १००% रह्यो भने गरिब तथा जेहेन्दार छात्रबृत्ति वितरण र शैक्षिक भ्रमण कार्यक्रममा ८०% दलित तथा पिछडिएकाका लागि छात्रबृत्ति वितरणमा ६६.६% र शान्ति शिक्षा दिने ६०% ले बताएको पाइयो । कक्षाकोठा व्यवस्थापनलाई व्यवस्थापकीय दृष्टिकोणबाट हेर्दा कार्यकुशल व्यवस्थापन सिद्धान्त हो । बालमैत्री विद्यालयमा

सञ्चालन गरिने वार्षिक शैक्षिक क्रियाकलाप पारदर्शी, व्यवस्थित ढङ्गले सञ्चालन नभएको देखिएकाले कक्षाकोठा व्यवस्थापनमा कमजोरी रहेको देखिन्छ ।

### ४.३.४ विद्यालयलाई बालमैत्री बनाउने दायित्व

कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन कसको दायित्व सबैभन्दा बढी हुन्छ , भन्ने प्रश्नमा नमूनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूको प्रतिक्रिया यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८, बालमैत्री विद्यालयमा दायित्व सम्बन्धी तालिका

| क्र.सं. | सबैभन्दा बढी दायित्व रहने व्यक्ति/संस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्र.अ. को | २ | १३.३३% |
| २. | शिक्षकको | ३ | २०% |
| ३. | प्र.अ. र शिक्षकको | १२ | ८०% |
| ४. | सरकारको | - | |
| ५. | जि.शि.का. को | १ | ६.६६% |
| ६. | अन्य संघ-संस्थाको | - | |
| ७. | अभिभावकको | - | ०% |
| | जम्मा | १५ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

यस तालिकाको विश्लेषण गर्दा कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन प्र.अ. र शिक्षकको भूमिका महत्वपूर्ण रहन्छ भन्ने प्रतिक्रिया प्रकट गर्ने ८०% प्र.अ. तथा शिक्षकहरू पाइए भने शिक्षकको भूमिकालाई महत्वपूर्ण रूपमा स्वीकार गर्ने २०% अभिभावक तथा शिक्षक रहे । प्र.अ.को मात्र र जि.शि.का. को मात्र भूमिका स्वीकार गर्ने उत्तरदाताहरू नगन्य रहे भने संघ-संस्था र अभिभावकको भूमिका गौण रहेको पाइयो ।

शिक्षाविद् Johnsona and Bany का अनुसार शैक्षिक उद्देश्यहरूको प्राप्तिका लागि समूह र कक्षाकोठाको आन्तरिक अवस्था विकसित गर्ने प्रक्रियालाई कक्षाकोठा व्यवस्थापन भनिएकोले विद्यालयको दायित्व सम्बन्धमा सरकारको र विभिन्न संघ-संस्थाको दायित्व नगन्य हुन्छ भन्नु र अभिभावकको र सरकारको विद्यालयमा दायित्व नै रहँदैन भनी स्वीकार गर्नु बालमैत्री विद्यालयको अवधारणा विपरित कार्य भएकाले समस्या देखिएको छ । यही सोंचका कारण सबै विद्यालय बालमैत्री बन्न सकेका छैनन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.५ बालमैत्री विद्यालयको शैक्षिक उपलब्धि

बालमैत्री विद्यालय र अन्य सामान्य विद्यालयका बालबालिकाहरूमा शैक्षिक उपलब्धि बीच कस्तो भिन्नता रहन्छ भन्ने पत्ता लगाउन नमूनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूलाई बालमैत्री कक्षाका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कति भिन्नता पाउनु भयो ? भन्ने प्रश्नमा पाँचवटा विकल्पहरूमा प्र.अ. तथा शिक्षकहरूबाट प्राप्त नतिजा यस प्रकार छ ।

तालिका नं. ९, बालमैत्री विद्यालयको शैक्षिक उपलब्धि सम्बन्धी तालिका

| क्र.सं. | शैक्षिक उपलब्धि बृद्धि प्रतिशत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५% भन्दा कम | - | - |
| २. | ५% देखि १०% सम्म | १० | ६६.६% |
| ३. | १०% भन्दा बढी | ६ | ४०% |
| ४. | पहिलेभन्दा न्यून | - | |
| ५. | कुनै भिन्नता नहुने | - | - |
| | जम्मा | १५ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०६८ ।

बालमैत्री कक्षा सञ्चालन भएपछि बालबालिकाहरूको शैक्षिक उपलब्धिमा ५% देखि १०% सम्म बृद्धि भएका विद्यालयहरू ६६.६% र १०% भन्दा बढी शैक्षिक उपलब्धिमा बृद्धि हुने विद्यालयहरू ४०% रहेको तथ्य माथिको तालिकाले प्रस्तुत गरेको छ ।

मन्टेश्वरीका अनुसार स्वतन्त्र वातावरणमा मात्र बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास हुने सिकाइ उपलब्धि प्राप्त हुने कुरामा जोड दिएको हुँदा बालमैत्री विद्यालयमा स्वतन्त्र वातावरणमा बालबालिकाले सिक्ने अवसर पाउँछन् तर सिकाइ उपलब्धि ५% देखि १०% सम्म मात्र देखिनुले बालमैत्री विद्यालयमा बालबालिकाहरूका लागि पूर्ण रूपमा कक्षाकोठामा बालमैत्री र रमाइलो वातावरण अझै पनि रहेको छैन भन्ने देखिन्छ । माथिको विश्लेषणबाट बालमैत्री विद्यालयमा १०% भन्दा बढिसम्म शैक्षिक उपलब्धिमा बृद्धि हुने अवस्था रहन्छ ।

### ४.३.६ बीचैमा विद्यालयमा छाड्ने बालबालिकाहरुको विवरण

शैक्षिक क्षेत्रमा गरिएको राष्ट्रिय लगानीलाई अधिकतम सदुपयोग गरेमा शैक्षिक विकास सम्भव हुन्छ । राष्ट्रिय लगानी मध्येको खेर गइरहेको अंश नै शैक्षिक क्षति हो । विद्यालयमा भइरहेको शैक्षिक क्षतिलाई न्यून गर्नु बालमैत्री विद्यालयको प्रमुख उद्देश्य हो ।

नमूनामा परेका विद्यालयहरूको बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको संख्यात्मक विवरण निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १०, बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण

| क्र. सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | | परीक्षामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १. | श्री रघुपति नि.मा.वि., विराटनगर-२२, रानी | २४८ | १९६ | २२८ | १८६ | २० | १० | ६.७% |
| २. | श्री कन्चनबारी नि.मा.वि. | २४४ | २१९ | २४० | २१७ | १४ | ९ | ४.९% |
| ३. | श्री बखरी नि.मा.वि. विराटनगर-१६ | २६६ | १८७ | २५४ | १८२ | १२ | ०५ | ३.७% |
| ४. | श्री ज्योति प्रा.वि.,खारजी, विराटनगर | २५५ | १७४ | २३१ | १६५ | २४ | ०९ | ७.६% |
| **जम्मा:** | | **१०१३** | **७७६** | **९५३** | **७५०** | **७०** | **३३** | **५.८%** |

स्रोत : विद्यालय अभिलेख, २०६८ ।

उक्त तालिकाबाट बालमैत्री विद्यालयहरूको शैक्षिक वर्ष २०६८ मा बीचैमा कक्षा छाड्ने दरलाई हेर्दा सबैभन्दा बढी श्री ज्योति प्रा.वि. मा देखिन्छ । शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा प्रकाशित कन्सोलिडेटिङ्ग  रिर्पोट २०६६ का अनुसार प्राथमिक तहमा नेपाल अधिराज्यको कक्षा छाड्ने दर २०६५ र २०६६ मा क्रमशः ८% र ६.५% मात्र रहेको देखिन्छ।

यस अनुसार वि.सं. २०६५ को तुलनामा छनौटमा परेका विद्यालयहरूमा कक्षा छाड्ने दर घटेको देखिए तापनि २०६६ को तुलनामा श्री रघुपति नि.मा.वि.मा ०.२% ले कक्षा छाड्ने दर बढेको देखिन्छ । यसबाट छनौट भएका बालमैत्री विद्यालयमा कक्षा छाड्ने दर औसत ५.८% रहेको देखिन्छ । विद्यालय छाड्नेमा तुलनात्मक रूपमा छात्रभन्दा छात्राको संख्या बढी पाइयो । बालमैत्री विद्यालयमा समेत विद्यालय छाड्ने दर केन्द्रको भन्दा ०.७% ले मात्र कम देखिनु कमजोर आर्थिक अवस्थाका कारण घरको कामकाजमा सहयोग गर्नुपर्ने, साना भाइबहिनीलाई घरैमा बसेर हेर्नुपर्ने र विद्यालय आउँदा टिफिन खाजाको व्यवस्था समेत नभएको, विद्यालयको वातावरण रमाइलो नभएको, गरिब तथा विपन्न परिवारका भएका कारण उनीहरू बीचैमा विद्यालय छाड्न बाध्य भएको  देखिन्छ । मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्तले विद्यालय छाडेका विपन्न, गरिब तथा पिछडिएका बालबालिकाहरूको आवश्यकता परिपूर्ति गर्दै अन्य आवश्यकता पूरा गर्न क्रियाशिल बनाउने

हुनाले विद्यालयका बालबालिकाहरूलाई टिकाई राख्न विद्यालयको वातावरण रमाइलो हुनुपर्दछ साथै कक्षाकोठा व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने र प्र.अ. ले अभिभावकहरूसँग बेलाबेलामा बालमैत्री विद्यालय वातावरण बनाउन अन्तरक्रिया गरिरहनु पर्ने देखिन्छ ।

तालिका नं. ११, बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीहरूको विवरण तालिका

| क्र.सं. | विद्यालयको नाम | जम्मा दलित विद्यार्थी | | परीक्षामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १. | श्री रघुपति नि.मा.वि., विराटनगर-२२, रानी | ३७ | १८ | २९ | १७ | ८ | १ | १.६% |
| २. | श्री कन्चनबारी नि.मा.वि. | ३८ | १४ | ३४ | ११ | ४ | ३ | १.३% |
| ३. | श्री बखरी नि.मा.वि. विराटनगर-१६ | २९ | १३ | २२ | ११ | ७ | २ | २.१% |
| ४. | श्री ज्योति प्रा.वि., खारजी, विराटनगर | २६ | १६ | २१ | १३ | ५ | ३ | १.९% |
| **जम्मा:** | | **१३०** | **६१** | **५२** | **२४** | **९** | **६** | **१.७%** |

स्रोत : शैक्षिक तथ्याङ्क २०६८, जि.शि.का., मोरङ ।

उक्त तालिकाबाट दलित बालबालिकाहरूको शैक्षिक वर्ष २०६८ को बीचैमा कक्षा छाड्ने दरलाई हेर्दा सबैभन्दा बढी श्री बखरी नि.मा.वि. मा २.१% रहेको छ भने सबैभन्दा कम श्री कन्चनबारी नि.मा.वि.बाट १.३% रहेको छ । अध्ययनका लागि छनौट भएका विद्यालयहरू मध्ये श्री बखरी नि.मा.वि. बाट दलित विद्यार्थीहरूले बीचैमा कक्षा छाड्ने कारण के-के छन् भनी प्रधानाध्यापक श्री महेशप्रसाद यादवसँग सोध्दा उहाँ भन्नुहुन्छ-

शुरूमा छात्रबृत्ति पाउने आशामा दलित बालबालिका विद्यालय भर्ना हुने गरेको भए तापनि घरको आर्थिक अवस्था कमजोरको कारण अधिकांस दलित परिवार अर्काको घरमा काम खोज्न हिँड्नु पर्ने साथै घरमा रहेका साना भाइबहिनीहरूलाई हेरचाह गर्न दाजु दिदीहरू घरैमा बस्नु पर्ने बाध्यता रहेको छ । विद्यालय आए पनि उनीहरू कतिपय भोकै आउने र टिफिनपछि घरमा खाना खान जानेहुँदा आउँदैनन् । अभिभावकहरूले घरबाट उनीहरूलाई खाजाको व्यवस्था गरी पढाइ दिए राम्रो हुने थियो । अझ सरकारी पहलमा टिफिन खाजाको व्यवस्था भए उनीहरू नियमित रूपले विद्यालयमा रहने थिए भन्ने मलाई लाग्छ । मैले अभिभावकहरूलाई बेलाबेलामा विद्यालयमा बोलाई जनचेतना फैलाउने कार्य गरिरहेको हुनाले यस्तो स्थितिमा सुधार आउने आशा गर्नुपर्छ ।

## ४.४ बालमैत्री विद्यालयका समस्या समाधानका उपायहरु

विद्यालयलाई बालमैत्री बनाउनका लागि विद्यालय व्यवस्थापन समिति र शैक्षिक प्रशासनको महत्वपूर्ण भूमिका र दायित्व रहने हुँदा विद्यालयमा उपलब्ध आर्थिक एवम् मानवीय संशाधनलाई अध्ययनरत बालबालिकाहरुको अधिकतम हितमा कसरी उपयोगमा ल्याउन सकिन्छ भनी उपयुक्त र प्रभावकारी विद्यालय सुधार योजना तयार गरी सरोकारवाला सम्पूर्ण वइक्तिहरुको सहभागितामा कक्षाकोठाको वातावरण स्वागतयोग्य, आकर्षक र व्यवस्थित बनाउन प्र.अ. को नेतृत्वमा कक्षाकोठामा आवश्यक पर्ने भौतिक साधनहरु जस्तै भुईंमा कार्पेट विछ्याउने व्यवस्था, भित्तामा ठूलो कालोपाटी, रङ्गीचङ्गी खेलौनहरु, शैक्षिक सामग्रीहरु राख्ने व्यवस्था तत्काल गर्नुका साथै बाल सुलभ चर्पी, सफा पिउने पानी, टिफिन खाजाको व्यवस्था प्रत्येक विद्यालयमा गर्नुपर्ने हुन्छ । विद्यालयको प्राङ्गणमा फूलबारी र बगैंचाको अभावले प्रायः सबै विद्यालयमा हरियाली वातावरण छैनन् । त्यसकारण बृक्षरोपणको व्यवस्था गर्नुपर्ने हुन्छ ।

सकारात्मक र सहयोगी भावना अझ बृद्धि गर्नुपर्ने कुरामा शिक्षकहरुले हिचकिचाउन हुँदैन । बदलिँदो समय अनुसार प्रभावकारी शिक्षण विधि उपयुक्त, पर्याप्त र रमाइला रहने खालका शैक्षिक सामग्रीहरद्वारा कलिलो बाल मस्तिकलाइ प्रोत्सहित र अभिप्रेरित गर्नु पर्दछ । त्यसो भएमा बालबालिकाहरु विद्यालयप्रति अपनत्वको भावनाले परिवर्तनशिल भई धेरे रमाइलो महशुस गर्छन् र बालमैत्री विद्यालय स्थापनामा थप सहयोग पुग्दछ ।

बालमैत्री विद्यालयको स्थलगत भ्रमण, अवलोकन तथा सरोकारवाला व्यक्तिहरबाट प्राप्त समस्याहरु समाधानार्थ छुट्टै सुझावहरु समेत परिच्छेद पाँचमा प्रस्तुत गरिएको छ ।

## ४.५ अवलोकन तथा द्बितीय स्रोतबाट प्राप्त तथ्याङ्कको विश्लेषण

नमुना विद्यालयहरुको प्रयत्क्ष अवलोकनबाट प्राप्त भएका सुचनाहरु पनि यहाँ महत्वपूर्ण रहेका छन् । ती सूचना तथा तथ्याङ्कहरुको सत्यता र विश्वासनीयताको लागि पनि नमूना विद्यालयको अवलोकन प्रभावकारी रह्यो । एउटा विद्यालयमा ३ दिनदेखि ५ दिनसम्म लगातार अवलोकनबाट देखिएका र महशुस गरिएका सुचनाहरुलाई टिपोट गरेर ती टिपोटहरुका बारेमा विद्यालयमा समेत छलफल गरी त्यहिँ नै प्रारम्भिक निष्कर्ष समेत निकालिएको थियो । यसका अतिरिक्त यस सोध समस्यालाई ठोस निष्कर्षमा पुऱ्याउन द्बितीय स्रोतबाट प्राप्त विभिन्न तथ्याङ्कहरुलाई लिएर विश्लेषण गरिएको छ ।

क)	बाल गित तथा बाल कविताहरुको प्रयोग

गित गाउँदा रमाइलो महशुस हुन्छ । सबै विद्यालयहरुमा बाल गित गाउन लगाइएको पाइयो । विद्यार्थीहर पनि सामान्य हाउभाउ सहित बाल गितहरु र गिती कविताहरु गाउन मन पराउने देखियो । यसबाट बालबालिकाहरुको सिर्जनात्वतामा बृद्धि हुने र सिकाइ पनि सरल र प्रभावकारी हुने देखिन्छ ।

ख)	अभिनय तथा नाटकीकरण

नक्कल गर्ने, अभिनय गर्ने, सामन्य नाटक खेल्ने कुरामा बालबालिकाहरु सक्रिय रहेको पाइयो । शिक्षकहरु यस्ता क्रियाकलाप सञ्चालन गर्न सरलता मान्ने र अभिभावकहरुले समेत यी क्रियाकलप मनपराएको देखियो ।

ग)	परियोजना कार्य

विद्यार्थीहरुलाई स्व-सिकाइ क्रियाकलापको रुपमा परियोजना कार्य दिने गरेको देखियो । ४०% विद्यालयमा माटाका चरा, फलफूलहरुको नमूना चित्र घरमै बनाएर ल्याउन भनी विद्यार्थीको समूह बनाई काम गर्न प्रोत्साहन गरेको पाइयो । यो परियोजना कार्यको राम्रो उदाहरण मान्न सकिन्छ । यस्ता क्रियाकलापहरुबाट बालबालिकाहरुमा खोज तथा अनुसन्धान कार्यमा समेत लाग्न सक्छन् भन्ने मत प्र.अ. तथा शिक्षकहरुको रहको देखियो ।

घ)	क्षेत्र भ्रमण

विद्यार्थीहरुले नै प्रत्यक्ष रुपमा अवलोकन गरेर अनुभूति गर्न पाउने अवस्थाबाट वास्तविक सिकाइ हुन्छ भन्ने विश्वास शिक्षकहरको पाइयो । त्यसैले वातावरणका वस्तु, घटना, अवस्थाहरुको अध्ययन प्रत्यक्ष क्षेत्र भ्रमणको माध्यमबाट गर्ने गरिएको पाइयो । सामाजिक, वातावरण तथा विज्ञान विषयमा प्रयोगात्मक अभ्यासको लागि विशेषतः क्षेत्र भ्रमणको प्रयोग गरेको देखियो । क्षेत्र भ्रमण उद्देश्यपूर्ण, योजनाबद्ध र व्यवस्थित हुनुपर्ने हुन्छ । यसका लागि शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ भने विद्यार्थीहरु सक्रिय रहन्छन् ।

ङ)	छलफल क्रियाकलाप

कुनैपनि विषयमा छलफलका लागि समूह-समूह निर्माण गरी सामूहिक छलफलबाट आएका कुराहरु समूह-समूहबाट टिपोट गर्ने एवम् प्रस्तुत गरी सबै कक्षामा नै जानकारी गराउने र निष्कर्ष समेत निकालेर सिकाइ गराउने विधि उपयोग गरेको पाइयो ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

शोध अध्ययनका लागि उपलब्ध तथ्याङ्कहरुको विश्लेषण र विवेचना गर्ने सन्दर्भमा बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था सम्बन्धी विविध जानकारीहरु तथा सूचना एवम् तथ्याङ्कहरु प्राथमिक तथा द्वितीय स्रोतहरुको अध्ययन विश्लेषणको आधारमा प्राप्त गरिएको छ । यस्ता सबै प्रकारका स्रोतहरुबाट प्राप्त सान्दर्भिक सूचनाहरुलाई यस शोध अध्ययनको सूचकको रुपमा ग्रहण गरिएको छ ।

बालमैत्री विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारहरू सबै विद्यालयमा प्रर्याप्त मात्रामा सम्पन्न भएको पाइएन । यसले गर्दा उपयुक्त शिक्षण क्रियाकलाप सरल र सहज रूपमा सञ्चालन गर्न बाधा पुगेको देखियो । बालमैत्री विद्यालयका प्र.अ. तथा शिक्षकहरूमा बालमैत्रीपूर्ण क्रियाकलाप सञ्चालन गर्न, गराउनमा उत्सुकता र जागरूकता पाइएको छ । तालिम प्राप्त शिक्षकहरू यस्ता क्रियाकलाप सञ्चालन गरेर शिक्षण गर्न उत्साहित छन् । बालमैत्री विद्यालयको प्रमुख आधारस्तम्भ नै मैत्रीपूर्ण र बालकेन्द्रित कक्षाकोठा व्यवस्थापन र शैक्षिक क्रियाकलाप नै हुन् । बालमैत्री कक्षाकोठा व्यवस्थापन कुशल तरीकाले भएका विद्यालयका शैक्षिक क्रियाकलापमा विद्यार्थीको सहभागितामा अभिबृद्धि भइ सक्रिय सिकाइ भएको पाइएको छ । सबै बालमैत्री विद्यालयमा सबै प्रकारका दण्डहरू पूर्ण रूपमा हट्न सकेको छैन । शिक्षकद्वारा विद्यार्थीलाई दिइने शारीरिक दण्ड हटेको पाइए तापनि विद्यालयमा अन्य मानसिक तथा मनोवैज्ञानिक दण्ड, साथीभाइ बीचका र घरपरिवारबाट हुने दण्डहरू हट्न सकेको पाइएन । तर विद्यालयमा हुने दण्डहरू घट्दो अवस्थामा रहेका छन् ।

सबै बालमैत्री विद्यालयका शिक्षकहरूलाई बालमैत्री व्यवहार सम्बन्धी तालिमको आवश्यकता रहको छ । बालमैत्री विद्यालयमा कक्षा व्यवस्थापन एवम् सामग्रीहरूको व्यवस्थापन र प्रयोगमा प्रभावकारीता ल्याउन थप कार्य गर्नुपर्ने देखिन्छ । शिक्षक निर्मित सामग्री एवम् खर्च नपर्ने तथा थोरै खर्च हुने सामग्रीहरूको व्यवस्थापन पूर्णतया हुन सकेको पाइएन । सामग्रीको व्यवस्थापन एक पटक गरेर मात्र नहुने विषय पनि हो । त्यसकारण शिक्षकले नियमित रूपमा सामग्रीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

बालमैत्री विद्यालयका शिक्षक योग्य, तालिम प्राप्त, नियमित, लगनशील र मेहनती हुनुका साथै बालकेन्द्रित शिक्षण विधिका प्रयोगकर्ता, अर्थपूर्ण, प्रभावकारी र सक्रिय सिकाइका प्रस्तोता, समानता र समन्यायिकताका पक्षपाती र आचार संहिताका पूर्ण पालनाकर्ता हुनुपर्छ भन्ने मान्यता रहेको पाइयो । तर यस मान्यता अनुसार कार्य रूपमा उतार्ने सन्दर्भमा आंशिक सफलता देखिएको छ ।

प्राथमिक तहमा उदार कक्षोन्नतिलाई पूर्ण रूपमा लागू गरिएको पाइए तापनि निरन्तर मूल्याङ्कनका क्रममा प्रत्येक विद्यार्थीले प्राप्त गरेका सिकाइ उपलब्धिहरूको रेकर्ड सहितको कार्य सञ्चयिका राख्ने गरेको पाइएन । बालमैत्री विद्यालयहरूमा भौतिक व्यवस्थापन, बालसुलभ कक्षा व्यवस्थापन र गुणस्तरीय शिक्षातर्फ उन्मुख भएको पाइयो । विद्यालयलाई बालमैत्रीपूर्ण तरीकाबाट सञ्चालन गर्नाले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा ५% देखि १०% सम्म बृद्धि भएको पाइयो । विद्यालयमा माथिल्ला कक्षामा बालमैत्रीपूर्ण वातावरण हुन नसक्नु, अभिभावकहरुमा चेतनाको कमी र नियमित पृष्ठपोषणको अभाव जस्ता समस्याहरु देखा परेको पाइयो ।

## ५.२ निष्कर्ष

यस शोध अध्ययनका प्राप्तिहरूका आधारमा निम्नलिखित निष्कर्षहरू निकालिएका छन् । यी निष्कर्षहरूमा मन्टेश्वरी, फ्रोबेल, व्यवहारवादी मनोवैज्ञानिक मास्लो आदिका धारणा लगायत विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, वि.नि., प्रशिक्षकहरूको प्रतिक्रिया र स्वयं यो शोधकर्ताको स्वःअध्ययनकै निष्कर्षको निचोड छ । वर्तमान समयमा सार्वजनिक रूपमा सञ्चालित बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापनको यथार्थतालाई अध्ययन गर्दा प्रत्येक बालमैत्री विद्यालयहरूको कक्षाकोठा व्यवस्थापन गर्दा डेक्सबेञ्च हटाएर कार्पेट र चकटी विछ्याउनाले सक्रिय सिकाईका लागि उपयुक्त कक्षा वातावरण तयार हुन्छ ।

विद्यालय विद्यार्थीको घरको रूपमा नै स्थापित हुन नसके तापनि आजको बालमैत्री विद्यालयमा विद्यार्थीहरूले मायालु, सहयोगी, रमाइलो वातावरण भने प्राप्त गरेका छन् र उनीहरू दिक्क लाग्दो अवस्थामा भने छैनन् । बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन र सञ्चालन साझा जिम्मेवारी हो । यो तालिम प्राप्त शिक्षकको मात्र दायित्व होइन, यसका लागि शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी, अभिभावक, स्थानीय निकाय तथा संघ-संस्था, सम्पूर्ण

सरोकारवालाहरूको संलग्नता र सहभागिता आवश्यक छ। बालमैत्री विद्यालयहरू बालअधिकारको संरक्षणमा सचेत छन् तर पूर्ण परिपालना र कार्यान्वयन भने आंशिक मात्र सफलता रहेको छ।

बालमैत्री विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय उमेरका बालबालिकाहरूको खोजी गर्दछ, विद्यालयमा टिकाई राख्दछ, नियमित गराउँछ र गुणस्तरीय शिक्षा प्रदान गर्दछ।

विद्यालयमा वातावरणको हिसाबले शान्तमय, विषयवस्तुका हिसाबले शान्तिका पाठहरू, क्रियाकलापका हिसाबले सामुदायिक एवम् सहभागितामूलक, अन्तरसम्बन्धका हिसाबले सहिष्णुताजन्य, वातावरणको सिर्जना तथा समालोचनात्मक सचेतता बढ्ने, छलफल विधिको प्रयोग बालमैत्री विद्यालयका आधार स्तम्भ हुन्। शान्ति शिक्षा बालमैत्री विद्यालयमा अपरिहार्य छ।

कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण पद्धति अनुसार सु-सञ्चालन गर्न विद्यालयका प्र.अ. तथा शिक्षकको ८०% दायित्व रहन्छ। छात्रबृत्ति जहिले पनि विद्यार्थीहरूमा मनोवैज्ञानिक तयारीका लागि उपयोगी हुने किसिमको हुनुपर्दछ। यस किसिमको मनावैज्ञानिक छात्रबृत्तिले सिकारूको आवश्यकता, इच्छा र संभाव्य सन्तुष्टि प्राप्त गर्न सक्नु पर्दछ। प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो र मनोवैज्ञानिक रूपमा मर्यादित र मनोबल उच्च महशुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ। बालमैत्री विद्यालयले बाल सहभागिता, समावेशीकरण, विभेद र दण्डको अन्त्य, सक्रिय र प्रभावकारी सिकाइ सहितको रमाइलो विद्यालय वातावरणमा जोड दिन्छ।

## ५.३ सुझावहरू

### नीतिगत तहका लागि

क) शैक्षिक नीति निर्माणका क्रममा बालमैत्री विद्यालयको अवधारणा अनुसार दण्डरहीत र रमाइलो वातावरणको सिर्जनालाई प्राथमिकता दिनु पर्दछ।

ख) अधिराज्यभर सञ्चालित प्राथमिक तहका लागि बालमैत्रीपूर्ण कक्षा व्यवस्थापनमा शिक्षा विभागले राष्ट्रिय शैक्षिक योजना निर्माणमा गरी कार्यान्वयन गराउन जरुरी छ।

ग) शिक्षक तालिम सम्बन्धी विषयवस्तुमा बालमैत्री अवधारणालाई अनिवार्य रुपमा समावेश गरिनु पर्दछ।

घ) शिक्षाशास्त्र सङ्कायका उच्च शिक्षाका विषयहरुमा बालमैत्री कक्षाकोठा व्यवस्थापनलाई पाठ्यक्रममा नै समावेश गरी पठनपाठन गर्दै लैजान आवश्यक छ ।

ङ) विद्यालय अनुगमन तथा सुपरीवेक्षणलाई व्यवस्थित गरी नियमित पृष्ठपोषणको व्यवस्था हुनु आवश्यक देखिन्छ ।

च) विद्यालयमा दण्डरहीत वातावरण र शान्ति शिक्षा स्थापना गर्न अभियानकै रुपमा कार्याक्रम अघि सार्न जरुरी छ ।

छ) अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गर्दै बालमैत्री विद्यालयको विकासका लागि पहल गरिनु पर्दछ ।

जिल्ला तहका लागि

क) जिल्ला शिक्षा योजनामा बालमैत्री विद्यालय अवधारणा अनुसार कक्षाकोठा व्यवस्थापनमा जोड दिन आवश्यक छ ।

ख) शिक्षकहरुका लागि बालमैत्री विद्यालय सम्बन्धी छोटो अवधिको पुनर्ताजगी तालिको व्यवस्था गरिने कार्यमा जि.शि.का.ले ध्यान पुर्‍याउनु आवश्यक छ ।

ग) विद्यालय सुधार योजना अनुसारको अनुदान विद्यालयमा निकासा गर्दा विद्यालयमा बालमैत्री शिक्षण वातावरण सिर्जना गर्नमा खर्च गर्न उत्प्रेरित गनुपर्ने देखिन्छ । यसबाट बालमैत्री विद्यालय व्यवस्थापनमा थप व्ययभार पर्न नजाने हुनाले यो सजिलो बाटोको रुपमा उपायोग गर्न सकिन्छ ।

घ) बालमैत्री विद्यालयको दिगो विकासका लागि गा.वि.स., न.पा. तथा जि.वि.स. सँग समन्वयात्मक रुपमा कार्य गर्नु आवश्यक र उपयुक्त हुन्छ ।

ङ) जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गरी बालमैत्री विद्यालयको स्थापना र विकासमा ठोस कार्ययोजना बनाई लागू गर्नु जिल्लाको तहको कार्य हो । त्यसकारण साझा जिम्मेबारीका रुपमा यस कार्यलाई अघि बढाउन सरोकारवाला पक्षसँग समन्वयात्मक रुपमा कार्य गर्न उपयुक्त र आवश्यक हुन्छ ।

विद्यालय तहका लागि

क) प्रत्येक विषयका विषयवस्तुहरुलाई शिक्षण गर्दा मनोरञ्जनपूर्ण क्रियाकलापमा रुपपान्तरण गरेर शिक्षण गर्नु आवश्यक देखिन्छ । यसका लागि शिक्षकले मनोरञ्जनपूर्ण क्रियाकलापहरुको सङ्कलन, निर्माण र स्थानान्तर गर्नुपर्ने देखिन्छ ।

ख) कक्षा व्यवस्थापन र रमाइला सिकाय क्रियाकलापलाई प्रमुखताका साथ महत्व दिएर विद्यालयको शैक्षिक कार्यक्रम सहभागितामूलक बनाउन आवश्यक छ ।

ग) विद्यालयलाई बालबालिकाको घरको रुपमा विकास गर्न शिक्षक, प्र.अ., वि.व्य.स. र शिक्षक अभिभावक संघले अभिभावकहरु समेतको समन्वयात्मक सहयोग जुटाउन आवश्यक छ ।

घ) निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लागू गर्न विद्यालयले प्रत्येक विद्यार्थीहरुको कार्यसञ्चयिका राख्न आवश्यक छ । यसमा प्राप्त भएका र हुन बाँकी सिकाइ उपलब्धिहरुको विवरण स्पष्ट हुने गरी विद्यार्थीका अन्य व्यवहार परिवर्तनका पक्षहरुलाई समेत रेकर्ड राख्नुपर्ने देखिन्छ । शिक्षकले आफ्नो व्यवहारलाई रुपान्तरण गरी बालमैत्रीपूर्ण व्यवहारहरु निर्वाह गर्नुपर्ने देखिन्छ । त्यसकारण शिक्षकले आफ्नो व्यवहारलाई बालमैत्री भावनाले कार्य रुपमा नउतारेसम्म वास्तवमा बालमैत्री वातावरणको सिर्जना हुन सक्दैन ।

ङ) विद्यालयले आफ्नो स्वः मूल्याङ्कन गरी त्यसका आधारमा सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजना निर्माण र उक्त विद्यालय सुधार योजनामा बालमैत्री विद्यालयको विकासको लागि आवश्यक पूर्वाधार र शैक्षिक गतिविधिका योजनाहरलाई समावेश गर्न आवश्यक छ ।

च) बालमैत्री विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरुलाई टिफिन खाजाको व्यवस्था मिलाउनु पर्ने अवाश्यकता देखिन्छ ।

छ) बालमैत्री विद्यालयको कक्षाकोठामा बाल सिकाइ सामग्रीहरु पर्याप्त मात्रामा राख्नुपर्ने, बालसिकाइ सामग्री कक्षाकोठामा सजाई रमाइलो वातावरण सिर्जना गर्नुपर्ने सिकाइ क्षेत्रहरको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भसूची


आचार्य, मोतिप्रसाद (२०६६), *बालविकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव,* स्नातकोत्तरतहको अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, ईन्द्रपुर, मोरङ ।

पोखरेल, बाबुराम (२०६६), *बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था एक अध्ययन,* स्नातकोत्तरतहको अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, ईन्द्रपुर, मोरङ ।

बस्याल (२००८), *नेपालमा ECD र इजराइल,* शैक्षिक योजना तथा व्यवस्थापन समिति, काठमाडौं ।

बिष्ट, शोभियतराम (२०६५), *अवस्था, अवधारणा र प्रयोग,* शिक्षक मासिक पत्रिका, नवौं अंक, पौष, सानोठीमी, भक्तपुर ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०६५), *शिक्षाको परिचय,* काठमाडौं : भँडीपुराण प्रकाशन ।

शर्मा, गोपिनाथ (२०६४), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा प्रा. चिरञ्जिवी, निर्मला (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी, काठमाडौं ।

शिक्षा विभाग (२०६०), *सिर्जनात्मक तथा अभिब्यक्तिशील कला,* शिक्षक श्रोत सामग्री, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग/सेभ द चिल्ड्रेन एलायन्स (२०६२), *बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका,* सानोठिमी, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), *सजायारहित शिक्षण सिकाइ तरिका सम्बन्धी शिक्षक तालिम कार्यक्रम प्रशिक्षक-प्रशिक्षण निर्देशिका,* सानोठिमी, भक्तपुर ।

शैक्षिक तालिम केन्द्र 'ख' (२०६४), *प्रशिक्षक पुनर्ताजगी तालिम, प्रशिक्षक निर्देशिका तथा प्रशिक्षार्थी स्रोत सामग्री,* विराटनगर, मोरङ्ग ।

सुनुवार, योन्देन (२०६६), *समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, ईन्द्रपुर, मोरङ ।

अनुसूची १

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

सर्वेक्षण फाराम

विद्यालयको नाम :- ............................................... ठेगाना :- ........................

प्र.अ.को नाम :- ............................................ हस्ताक्षर : ................

(क) बीचैमा विद्यालय छाड्ने दलित बालबालिकाहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | जम्मा दलित विद्यार्थी | | परीक्षाामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| जम्मा: | | | | | | | | |

(ख) बीचैमा विद्यालय छाड्ने जनजाति बालबालिकाहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | जम्मा जनजाति विद्यार्थी | | परीक्षाामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| जम्मा: | | | | | | | | |

अनुसूची २

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

## सामूहिक छलफल

१. दलित र जनजाति बालबालिकाहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

२. शिक्षकका बालमैत्री व्यवहारहरु

३. बालमैत्री विद्यालयको कक्षाकोठा व्यवस्थापन अन्तर्गत पर्ने भौतिक, विद्यार्थी क्रियाकलाप र बसाइ व्यवस्थापन

४. बालमैत्री विद्यालयका समस्या र समाधानका उपायहरु

५. बालमैत्री विद्यालयमा शिक्षक-विद्यार्थीहरु बीचको सम्बन्धमा

अनुसूची ३

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

अन्तर्वाता प्रश्नावली भर्ने स्रोतव्यक्ति, प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरू

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षकहरु | अभिभावकहरु | विद्यार्थीहरु | प्रशिक्षक र स्रोतव्यक्तिहरु |
|---|---|---|---|---|---|---|
| १. | श्री रघुपति नि.मा.वि., रानी, विराटनगर । | श्री निता राई | श्री ओम कटुवाल | श्री मो.थारुख मिया | १. विकास मिश्र<br>२. रमेश यादव | **वि.नि.**<br>१. गोपाल दाहाल<br>**प्रशिक्षकः**<br>१. दुर्गा चुडाल<br>**स्रोतव्यक्ति**<br>१. हरिनन्दन आछामी |
| २. | श्री कन्चनबारी नि.मा.वि., विराटनगर | श्री बद्री पराजुली | श्री पशुपति बस्नेत | श्री दर्गा प्रसाद राजवंशी | १. सुजता मगर<br>२. बिमला राई | |
| ३. | श्री बखरी नि.मा.वि., विराटनगर-१६ | श्री महेश प्रसाद यादव | श्री मञ्जु बस्नेत | श्री शर्मिला राय | १. कोपिला खड्का<br>२. स्वस्तीका बिष्ट | |
| ४. | श्री ज्योति प्रा.वि., विराटनगर । | श्री प्रेमकुमारी दाहाल | श्री गीता संग्रौला | श्री बिनिता खड्का | १. कृतिका बस्नेत<br>२. शोभा कार्की | |

अनुसूची ४

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

प्र.अ. ⁄शिक्षकका लागि प्रश्नावली

नाम : ................................................................ पद : ......................

विद्यालय : ........................................................ ठेगानाः ...................

जिल्लाः .............................................................. अनुभव वर्ष : ...........

*विकल्पहरु भएका प्रश्नहरुको हकमा एकभन्दा बढी विकल्पहरु उपयुक्त लागेमा उपयुक्त लागेका सबै विकल्पहरुमा (√) चिन्ह लगाउन सकिन्छ ।*

१. कक्षाकोठा व्यवस्थापनका पक्षहरु तलका मध्ये कुन-कुनलाई तपाईं मान्नुहुन्छ ?

(क) स्वागत योग्य र सुरक्षित (ख) आकर्षक र व्यवस्थित

(ग) सकारात्मक र सहयोगी (घ) प्रोत्साहित अभिप्रेरित

(ङ) परिवर्तनशील र धेरै रमाइलो

२. बालमैत्री विद्यालयमा शिक्षकको भूमिका कस्तो रहन्छ ?

(क) शिक्षक सक्रिय हुने (ख) विद्यार्थीलाई सधैं सक्रिय बनाइराख्ने

(ग) शिक्षक आफू निष्कृय हुने (घ) शिक्षक निर्देशक तथा पथ पर्दशक हुने (ङ) अन्य भए उल्लेख गर्नुहोस् ।

३. बालमैत्री विद्यालयमा कक्षाकोठाको अवस्था तलका मध्ये कुन-कुनलाई मान्नुहुन्छ ?

(क) कक्षाकोठा सफा भएको

(ख) कक्षामा फोहोर संकलन गर्ने भाँडाको व्यवस्था भएको ।

(ग) घामको उज्यालोपन सिधैं विद्यार्थीको आँखामा नपर्ने गरी बसाइ व्यवस्था मिलाइएको

(घ) हेर्न, सुन्न तथा क्रियाकलाप गर्न सबै विद्यार्थीको पहुँच पुग्ने गरी बसाइ व्यवस्था मिलाइएको

(ङ) विद्यार्थीको पहँचमा पुग्ने गरी उपस्थिति पाटी, मौसमी चार्ट र पकेट बोर्ड राखिएको र प्रयोग गरिएको

(छ) विषयगत कुनाको व्यवस्था भएको

(ज) डोरीको प्रयोग गरी सामग्री प्रयोग गर्ने व्यवस्था मिलाइएको ।

(झ) ठीकमिति अनुसारको क्यालेण्डर प्रयोग भएको ।

(ञ) विद्यार्थीको कार्यतालिका राखिएको

(ट) कक्षाकोठामा वस्तुको नामाङ्कन (Labeling) को व्यवस्था गरिएको

(ठ) कक्षाकोठामा विद्यार्थीको सिर्जना प्रदर्शनका लागि ठाउँ छुट्टयाइएको

(ड) कक्षा अनुशासन/नियम राखिएको र पालना भएको

(ढ) कक्षाकोठा भौतिक रुपमा सुरक्षित

(ण) नयाँ जानकारी वा सुचनालाई अपडेट गर्ने व्यवस्था भएको ।

४. बालमैत्री कक्षाकोठामा गराईने विद्यार्थी क्रियाकलाप निम्न मध्ये तपाई कुन-कुनलाई मान्नुहुन्छ ?

(क) बक्तृत्वकला (ख) निबन्ध लेखन (ग) चार्ट बनाउने

(घ) समस्या समाधान गर्ने (ङ) धारणा चित्र बनाउने

(च) मष्तिष्क मन्थन (छ) चिठी लेखन (ज) पजलहरुको प्रयोग

(झ) अभिनय तथा नाटकीकरण (ञ)छलफल क्रियाकलाप

(ट) कार्य विभाजन र जिम्मेबारी बाँडफाड (ठ) बादविवाद

(ड) बालगित, कविता र कथाको प्रयोग

५. कक्षाकोठामा बसाइ व्यवस्थापन अन्तर्गत निम्न मध्ये तपाई कुन-कुनलाई मान्नुहुन्छ?

(क) साना विद्यार्थीलाई अगाडि र ठूलालाई पछाडि राखेर

(ख) कोठाको साईज र विद्यार्थी संख्यालाई ध्यान दिई बसाइ व्यवस्था मिलाएको

(ग) छात्रा र छात्रलाई छुट्टाछुट्टै गरी राखेर

(घ) छात्रा र छात्रलाई एकै समूहमा राखेर

(ङ) कान कम सुन्ने र आँखा कम देख्ने छात्र/छात्रालाई अगाडि राखेर

(च) छिटो सिक्न सक्ने छात्र/छात्राको एउटै समूह बनाएर

(छ) ढिलो र छिटो सिक्ने छात्र/छात्राको छुट्टाछुट्टै समूह बनाएर

(ज) विद्यार्थी-विद्यार्थीबीच र शिक्षक-विद्यार्थीबीच सम्पर्क राख्न सकिने गरी मिलाएको

(झ) सजिलैसँग कालोपाटी र शिक्षकलाई देख्न सक्ने गरी

६. कक्षाकोठा व्यवस्थापनमा भौतिक क्षेत्र तलका मध्ये तपाईं कुनलाई मान्नुहुन्छ ?

(क) भाषा क्षेत्र (ख) सिर्जनात्मक क्षेत्र (ग) गणित-विज्ञान क्षेत्र

(घ) खेल क्षेत्र (ङ) सामूहिक क्रियाकलाप क्षेत्र (च) प्रदर्शन क्षेत्र

(छ) सामग्री भण्डार क्षेत्र (ज) आराम क्षेत्र (झ) खाजा क्षेत्र

(ञ) कक्षाकोठा प्रकाश युक्त (ट) कक्षाकोठामा प्रशस्त हावा खेल्ने

(ठ) खेलकूलदका लागि गोटी क्षेत्र/पुतली क्षेत्र

७. बालमैत्री विद्यालयमा शिक्षकका व्यवहारहरु कुन-कुनलाई मान्नुहुन्छ ?

(क) विद्यार्थीलाई हेरचाह, माया र आदर गर्दछन् ।

(ख) सिकाउन उत्सुक र प्रतिबद्ध हुन्छन् ।

(ग) विद्यार्थीको क्षमता र चाहना अनुसार सिकाउने गर्दछन् ।

(घ) पूरा तयारीका साथ कक्षाकोठाभित्र प्रवेश गर्दछन् ।

(ङ) विद्यार्थीको आत्मबल बढ्ने खालका शिक्षण विधिहरु प्रयोग गर्छन् ।

(च) कक्षामा ढिलो र चाँडो सिक्ने विद्यार्थीलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्छन् ।

(छ) विद्यार्थीलाई विना भेदभाव समान व्यवहार र अवसर प्रदान गर्छन् ।

(ज) विद्यार्थीहरुलाई भौतिक, शारीरिक र मानसिक सजाया दिँदैनन् ।

(झ) विद्यार्थीको गृहकायृ र पढाइका लागि अवाश्यक शैक्षिक सामग्री र वातावरण उपलब्ध गराउँछन् ।

अनुसूची ५

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यालय : ..........................................................

विद्यार्थीको नाम : ..................................................

१. तिमीले कक्षाकोठामा कस्तो वातावरण पाएका छौ ?

(क) घरायसी (ख) मायालु

(गए सहयोगी (घ) दिक्क लाग्दो (ङ) अन्य

२. तिमीलाई विद्यालयमा शिक्षकले कुट्नुहुन्छ ?

(क) कुट्नुहुन्छ (ख) कुट्नुहुन्न

यदि कुट्नुहुन्छ भने के कारणले कुट्नुहुन्छ ?

(क) गृहकार्य नगर्दा (ख) सोधिएका प्रश्नहरुको उत्तर नदिँदा

(ग) हल्लागर्दा (घ) बिना कारण (ङ) अन्य

३. कक्षाकोठा शिक्षणमा शिक्षकले कुन-कुन तरीकाले पढाउनुहुन्छ ?

(क) बालगीत, कविता र कथाको प्रयोग (ख) खेलको माध्यमबाट शिक्षण

(ग) अभिनय तथा नाटकीकरण (घ) पजलहरुको प्रयोग

(ङ) क्षेत्र भ्रमण (च) परियोजना कार्य

(छ) अन्य भए

४. तिम्रो विद्यालयमा कस्ता-कस्ता कक्षा क्रियाकलापहरु सञ्चालन गरिन्छन् ?

(क) बक्तृत्वकला (ख) निबन्ध लेखन (ग) चार्ट बनाउने

(घ) समस्या समाधान गर्ने (ङ) मष्तिष्क मन्थन (च) चिठी लेखन

(छ) पजलहरुको प्रयोग (ज) अभिनय तथा नाटकीकरण

(झ) छलफल क्रियाकलाप (ञ) कार्य विभाजन र जिम्मेबारी बाँडफाड

(ट) बालगीत, कविता र कथाको प्रयोग

५. तिमीलाई शिक्षकले के-के गर्न लगाउनुहुन्छ ?

(क) चित्र बनाउन (ख) खेल खेल्न (ग) पढ्न-लेख्न

(घ) गीत गाउन (घ) नपढ्ने साथीलाई पिट्न (ङ) अन्य

६. तिमीलाई विद्यालयमा कसकले बढी माया गर्नुहुन्छ ?

(क) प्र.अ. (ख) शिक्षक (ग) शिक्षिका

(घ) शिक्षक र शिक्षिका दुवैले (ङ) आफ्ना साथीहरुले

७. विद्यालयमा कक्षाकोठा व्यवस्थापन तलका मध्ये कुन-कुन कुराहरु हुनुपर्छ भन्ने तिमीलाई लाग्छ ?

(क) स्वागत योग्य र सुरक्षित (ख) आकर्षक र व्यवस्थित

(ग) सकारात्मक र सहयोगी (घ) परिवर्तनशील र धेरै रमाइलो

८. तिमीलाई तिम्रो शिक्षकले कसरी पढाए राम्रो हुन्थ्यो जस्तो लाग्छ ? आफ्नो विचार व्यक्त गर ।

........................................................................................................

........................................................................................................

९. बालमैत्री विद्यालय भन्ने सुनेका छौ ? सुनेका छौ भने कस्तो विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ ?

(क) शिक्षकले पढ-पढ मात्र भन्ने र विद्यार्थीहरुले पढिरहने विद्यालय

(ख) विद्यार्थीका लागि पढ्ने राम्रो वातावरण र अवसरको विद्यालय

(ग) रमाइलो वातावरण भएको विद्यालय

(घ) शिक्षकले कहिल्यै नकुट्ने विद्यालय

(ङ) खेलेर रमाइलो मान्दै पढ्न पाइने विद्यालय

१०. तिम्रो विद्यालयमा कस्ता कस्ता शैक्षिक क्रियाकलापहरु सञ्चालन गन्छिन् ?

(क) वर्षभरीको योजना बनाएर अतिरिक्त क्रियाकलाप गर्ने

(ख) गरिब तथा जेहेन्दार छात्रबृत्ति दिने

(ग) दलित पिछडिएका लागि छात्रबृत्ति दिने

(घ) शैक्षिक भ्रमणमा लैजाने

(ङ) निरन्तर मूल्याङ्कन प्रकृयाको कार्यान्वयन

(च) शान्ति शिक्षा दिने ।

(छ) अन्य

अनुसूची ६

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

## वि.व्य.स. अध्यक्ष र अभिभावकका लागि प्रश्नावली

विद्यालयको नाम : ......................................................

अभिभावकको नाम : .................................................. ठेगाना : ....................

१. कक्षाकोठा व्यवस्थापन सम्बन्धमा तलका मध्ये कुन कुनलाई मान्नुहुन्छ ?

(क) स्वागतयोग्य र सुरक्षित (ख) आकर्षक र व्यवस्थित

(ग) सकारात्मक र सहयोगी (घ) परिवर्तनशील र धेरे रमाईलो

२. तपाईंको विद्यालयमा समस्याहरु के कस्ता पाउनु भएको छ ?

(क) भौतिक व्यवस्थापनमा कठिनाई (ख) अभिभावकमा चेतनाको कमी

(ग) सबै शिक्षकलाई तालिम नहुनु

(घ) माथिल्ला कक्षामा बालमैत्री व्यवहार हुन नसक्नु

(ङ) नियमित पृष्ठपोषणको अभाव (च) विद्यालयको कमजोर आर्थिक अवस्था

३. बालमैत्री विद्यालयमा शिक्षकका व्यवहारहरु कुन-कुनलाई मान्नुहुन्छ ?

(क) विद्यार्थीलाई हेरचाह, माया र आदर गर्ने ।

(ख) सिकाउन उत्सुक र प्रतिबद्ध हुने ।

(ग) विद्यार्थीको क्षमता र चाहना अनुसार सिकाउने ।

(घ) पूरा तयारीका साथ कक्षाकोठाभित्र प्रवेश गर्ने ।

(ङ) विद्यार्थीको आत्मबल बढ्ने खालका शिक्षण विधिहरु प्रयोग गर्ने ।

(च) कक्षामा ढिलो र चाँडो सिक्ने विद्यार्थीलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्ने ।

(छ) विद्यार्थीलाई विना भेदभाव समान व्यवहार र अवसर प्रदान गर्ने ।

(ज) विद्यार्थीहरुलाई भौतिक, शारीरिक र मानसिक सजाया नदिने ।

(झ) विद्यार्थीको गृहकार्य र पढाइका लागि आवश्यक शैक्षिक सामग्री र वातावरण उपलब्ध गराउने ।

४. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।

(क) भवन ................................................................................

(ख) कक्षाकोठा ................................................................................

(ग) फर्निचर ..........................................................................

(घ) शौचालय ..........................................................................

(ङ) खेल मैदान ......................................................................

५. तपाईंका बालबालिकाहरु विद्यालय जान रुचाउँछन् ?

(क) रुचाउँछन् । (ख) रुचाउँदैनन्

यदि रुचाउँदैनन् भने के कारणले होला भन्ने ठान्नुहुन्छ ?

(क) शिक्षकले पिटेर (ख) गृहकार्य धेरै भएर

(ग) विद्यालयमा बस्ने ठाउँ नभएर (घ) छात्रबृत्ति नपाएर

(ङ) साथीको संगत नराम्रो भएर (च) अन्य

६. कुनै विद्यालयलाई बालमैत्री बनाउन कसको दायित्व सबैभन्दा बढी हुन्छ भन्ने ठान्नुहुन्छ ?

(क) प्र.अ. (ख) शिक्षक (ग) प्र.अ. र शिक्षक (घ) जि.शि.का.

(ङ) सरकार (च) अभिभावक (छ) अन्य संघ संस्था

७. विद्यालयले आफ्ना अभिभावकहरुलाई विद्यालयको गतिविधि तथा विद्यार्थीहरुको प्रगति प्रतिवेदन नियमित रुपमा पठाउने गरेको छ ?

(क) छ (ख) छैन (ग) कहिलेकाही

८. विद्यालयको नीति तथा कार्यक्रम निर्माण गर्ने क्रममा हुने छलफल र निर्णय प्रक्रियामा अभिभावकहरुको सहभागितामा जोड दिएको छ/छैन ?

(क) छ (ख) छैन (ग) सबैलाई छैन

९. विद्यार्थीको क्षमता अनुसारको शौचालय र खानेपानीको व्यवस्था छ/छैन ?

(क) छ (ख) छैन

१०. विद्यालय खेल मैदान, फूलबारी तथा पुस्तकालयको व्यवस्था छ/छैन ?

(क) छ (ख) छैन (ग) पर्याप्त छैन

११. विद्यालयले अभिभावकको सहयोग लिएर विद्यार्थीलाई खाजा खुवाउने व्यवस्था मिलाएको छ/छैन ?

(क) छ (ख) छैन

अनुसूची ७

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

## स्रोतव्यक्ति र वि.नि. का लागि प्रश्नावली

अन्तर्वार्ता दिनेको नाम : .................................................... पद : ....................

कार्यालय : ............................... जिल्ला ......................... अनुभव वर्ष : ...........

१. बालमैत्री विद्यालयमा शिक्षकका व्यवहारहरु कुन-कुनलाई मान्नुहुन्छ ?
   (क) विद्यार्थीलाई हेरचाह, माया र आदर गर्ने ।
   (ख) सिकाउन उत्सुक र प्रतिबद्ध हुने ।
   (ग) विद्यार्थीको क्षमता र चाहना अनुसार सिकाउने ।
   (घ) पूरा तयारीका साथ कक्षाकोठाभित्र प्रवेश गर्ने ।
   (ङ) विद्यार्थीको आत्मबल बढ्ने खालका शिक्षण विधिहरु प्रयोग गर्ने ।
   (च) कक्षामा ढिलो र चाँडो सिक्ने विद्यार्थीलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्ने ।
   (छ) विद्यार्थीलाई विना भेदभाव समान व्यवहार र अवसर प्रदान गर्ने ।
   (ज) विद्यार्थीहरुलाई भौतिक, शारीरिक र मानसिक सजाया नदिने ।
   (झ) विद्यार्थीको गृहकार्य र पढाइका लागि आवश्यक शैक्षिक सामग्री र वातावरण उपलब्ध गराउने ।

२. तपाईको विचारमा बालमैत्री विद्यालयमा के कस्ता कक्षा क्रियाकलापहरु सञ्चालन गरिनु पर्छ ?
   (क) खेलको माध्यमबाट शिक्षण (ख) पजलहरुको प्रयोग
   (ग) बालगीत, कविता र कथाको प्रयोग (घ) परियोजना कार्य
   (ङ) अभिनय तथा नाटकीकरण (च) क्षेत्र भ्रमण
   (छ) अन्य भए उल्लेख गर्नुहोस

३. कक्षाकोठा व्यवस्थापनका पक्षहरु तलका मध्ये कुन-कुनलाई तपाईं मान्नुहुन्छ ?
   (क) स्वागत योग्य र सुरक्षित (ख) आकर्षक र व्यवस्थित
   (ग) सकारात्मक र सहयोगी (घ) प्रोत्साहित अभिप्रेरित
   (ङ) परिवर्तनशील र धेरै रमाइलो

४. कुनै विद्यालयलाई बालमैत्री बनाउन कसको दायित्व सबैभन्दा बढी हुन्छ भन्ने ठान्नुहुन्छ ?
   (क) प्र.अ. (ख) शिक्षक (ग) प्र.अ. र शिक्षक (घ) जि.शि.का.
   (ङ) सरकार (च) अभिभावक (छ) अन्य संघ संस्था

५. तपाईले अनुगमनमा जाँदा बालमैत्री विद्यालयको शैक्षिक वातावरण कस्तो पाउनु भएको छ ?
   (क) विद्यार्थीहरु खेलेर मात्र रहेको (ख) विद्यार्थीहरु रमाइलो वातावरणमा पढेको

(ग) विद्यार्थीहरु डरत्रासमा पढ्न बाध्य भएको ।

(घ) अन्य विद्यालयमाभन्दा फरक वातावरण नभएको

(ङ) अन्य

६. बालमैत्री विद्यालयहरुका समस्याहरु कुन-कुन हुन सक्छन् ?

(क) भौतिक व्यवस्थापनमा कठिनाई

(ख) अभिभावकमा चेतनाको कमी

(ग) सबै शिक्षकलाई तालिम नहुनु

(घ) माथिल्ला कक्षामा बालमैत्री व्यवहार हुन नसक्नु

(ङ) नियमित पृष्ठपोषणको अभाव (च) विद्यालयको कमजोर आर्थिक अवस्था

७. बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन कस्तो रहेको पाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

८. कुनै विद्यालयमा बालमैत्री कक्षा सञ्चालन भएपछिको अवस्थामा तपाईले शैक्षिक उपलब्धिमा कति भिन्नता पाउनु भयो ?

(क) ५% भन्दा कम (ख) ५ देखि १०% सम्म

(ग) १०% भन्दा बढि (घ) पहिलेभन्दा न्यून

(ङ) पहिलेभन्दा कुनै भिन्नता छैन ।

९. बालमैत्री विद्यालयमा कस्ता शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न उपयुक्त हुन्छ ?

(क) गरिब तथा जेहेन्दार छात्रबृत्ति

(ख) बर्षभरी योजना बनाएर अतिरिक्त क्रियाकलाप

(ग) शान्ति शिक्षा दिने

(घ) दलित तथा पिछडिएका लागि छात्रबृत्ति

(ङ) शैक्षिक भ्रमण कार्यक्रम

(च) निरन्तर मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन

(छ) अन्य भए उल्लेख गर्नुहोस

१०. बालमैत्री विद्यालयमा दण्डको अवस्था कस्तो पाउनु भएको छ ?

(क) बढी शारीरिक दण्ड दिने (ख) दण्ड पूर्णतया हटेको अवस्था

(ग) बढी मानसिक दण्ड दिने (घ) दण्डको घट्दो अवस्था

अनुसूची ८

# बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन

मोरङ जिल्लामा सञ्चालित बालमैत्री विद्यालयहरूको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री सरस्वती मा.वि | बरडङ्गा गा.वि.स. |
| २. | श्री आदर्श प्रा.वि. | रंगेली |
| ३. | श्री जनता मा.वि. | बाहुनी गा.वि.स. |
| ४. | श्री जनता बाल प्रा.वि. | बुधनगर, विराटनगर |
| ५. | श्री रघुपति नि.मा.वि. | रानी, विराटनगर |
| ६. | श्री हिमालय नि.मा.वि. | इटहरा |
| ७. | श्री बखरी नि.मा.वि. | विराटनगर |
| ८. | श्री नि.मा.वि., कञ्चनबारी | विराटनगर |
| ९. | श्री ज्योति प्रा.वि., खारजी | विरटनगर |
| १०. | श्री भगवती प्रा.वि., | कटहरी गा.वि.स. |
| ११. | श्री जनसेवा उ.मा.वि., रमाइलो | बयरवन गा.वि.स. |
| १२. | श्री कवीर नि.मा.वि. | बेलबारी गा.वि.स. |
| १३. | श्री शिक्षा विकास मा.वि. | लेटाङ्ग |
| १४. | श्री बेगनलाल प्रा.वि. | लखन्तरी गा.वि.स. |
| १५. | श्री सृर्जना नि.मा.वि. | उर्लाबारी |
| १६. | श्री प्रभात प्रा.वि. | राजघाट |
| १७. | श्री बीरेन्द्र प्रा.वि. | दर्वेसा गा.वि.स. |
| १८. | श्री बुद्ध नि.मा.वि. | केराबारी |
| १९. | श्री मच्छिन्द्र उ.मा.वि. | केराबारी |
| २०. | श्री कालिका मा.वि. | टाँडी |
| २१. | श्री पब्लिक उ.मा.वि. | बनिगामा |
| २२. | श्री धनपाल मा.वि. | कसेनी |
| २३. | श्री पञ्चायत उ.मा.वि. | पथरी |
| २४. | श्री जाँते मा.वि. | जाँते गा.वि.स. |
| २५. | श्री जनप्रिय मा.वि. | कटहरी गा.वि.स. |